मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १८९ ● २०८३ साल जेष्ठ १४ गते बिहीबार ● Thursday 28, May 2026 ● सूर्योदय: बिहान ०५:१२ बजे ● सूर्यास्त: साँझ ०६:५२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## डिडिसीका कागजात प्रहरीको नियन्त्रणमा

**काठमाडौँ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले बुधबार लैनचौरस्थित दुग्ध विकास संस्थान (सिसिसी)बाट महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिएको छ।

ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले आवश्यक अनुसन्धानका लागि टोली गएर कागजातहरू नियन्त्रणमा लिएको जानकारी दिँदै अनुसन्धानपछि अन्य विषयहरू खुल्ने बताए।

प्रवक्ता श्रेष्ठले भने, 'हामीसँग आइपुगेको विषयमा नियन्त्रणमा लिने, अनुसन्धान गर्ने काम सिआइबीको हो, अनुसन्धानका लागि कागजातहरु लिएका छौँ, अरु कुरा अनुसन्धानपछि नै थाहा हुन्छ ।' डिडिसीले किसानको करोडौँ रकम भुक्तानी गर्न बाँकी छ । दैनिक एक करोड बक्यौता भुक्तानी थालिएको जनाइएको छ।

# राजस्वमा सङ्घ सरकारको हिस्सा ९२ प्रतिशत



**काठमाडौँ।**
सरकारले वार्षिक रूपमा सङ्कलन गर्ने राजस्वको ठूलो अंश सङ्घ सरकारबाट उठ्ने गरेको देखिएको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रतिनिधिसभाको आजको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको एकीकृत राजस्व सङ्कलन ११ दशमलव चार प्रतिशतले वृद्धि भई १२ खर्ब ८१ अर्ब ७० करोड रुपैयाँ पुगेको थियो । समग्र सञ्चित कोष र विभाज्य कोषमा जम्मा भएको राजस्वलाई आधार मान्दा यो वृद्धि अघिल्लो आर्थिक वर्षको तुलनामा उच्च वृद्धि हो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा यस्तो राजस्व सङ्कलन १० दशमलव ४ प्रतिशतले बढेको थियो।

आर्थिक सर्वेक्षणअनुसार कुल सङ्कलित राजस्वमध्ये सङ्घीय सरकारले सङ्कलन गरेको राजस्वको हिस्सा ९२ दशमलव एक प्रतिशत रहेको छ भने प्रदेश तथा स्थानीय तहको हिस्सा जम्मा सात दशमलव नौ प्रतिशत मात्र रहेको छ। यसले अझै पनि राजस्व सङ्कलनको मुख्य आधार सङ्घीय सरकार नै रहेको देखाएको छ । कुल राजस्वमध्ये कर राजस्वको हिस्सा ८७ दशमलव एक प्रतिशत रहेको छ भने गैरकर राजस्व १२ दशमलव नौ प्रतिशत रहेको छ।

त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रहेको राजस्व ११ दशमलव तीन प्रतिशतले वृद्धि भएर रु १२ खर्ब ७२ अर्ब ७५ करोड पुगेको छ। कुल राजस्वमध्ये सङ्घीय सञ्चित कोषको हिस्सा ८१ दशमलव एक प्रतिशत रहेको छ भने प्रदेशको आठ दशमलव चार प्रतिशत र स्थानीय तहको १० दशमलव पाँच प्रतिशत हिस्सा रहेको छ।

सरकारको एकीकृत आयतर्फ हेर्दा, बाँडफाँट गर्न बाँकी राजस्वबाहेक तीन तहका सरकारको कुल आय १० दशमलव चार प्रतिशतले बढेर १३ खर्ब २६ अर्ब ३१ करोड रुपैयाँ पुगेको छ । कुल आयमध्ये ९६ प्रतिशत हिस्सा राजस्वको रहेको छ भने वैदेशिक अनुदान, अन्य प्राप्ति तथा आन्तरिक ऋण लगानी फिर्ताको हिस्सा चार प्रतिशत रहेको छ। आव २०८०/८१ मा यस्तो आय वृद्धि छ दशमलव पाँच प्रतिशत रहेको थियो।

त्यस्तै, अनुदान हस्तान्तरणबाहेक राजस्व, अनुदान, अन्य प्राप्ति तथा सार्वजनिक ऋण परिचालनसमेत समेटिएको कुल प्राप्ति १५ प्रतिशतले वृद्धि भएर १७ खर्ब ८२ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । यो रकम मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को २८ दशमलव सात प्रतिशत बराबर हो । यस्तो कुल प्राप्तिमध्ये सङ्घीय सरकारको हिस्सा ८६ दशमलव तीन प्रतिशत रहेको छ भने प्रदेशको छ दशमलव एक प्रतिशत र स्थानीय तहको सात दशमलव छ प्रतिशत हिस्सा रहेको छ। कुल प्राप्तिमा ऋण परिचालनको हिस्सा २५ दशमलव छ प्रतिशत पुगेको छ भने राजस्व, अनुदान तथा अन्य आयको हिस्सा ७४ दशमलव चार प्रतिशत रहेको छ।

राजस्व बाँडफाँटतर्फ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारबीच बाँडफाँट हुने राजस्व १२ दशमलव दुई प्रतिशतले वृद्धि भई पाँच खर्ब एक अर्ब १० करोड रुपैयाँ पुगेको छ । जुन जिडिपीको आठ दशमलव एक प्रतिशत बराबर हो । यसमध्ये चार खर्ब ९२ अर्ब १६ करोड रुपैयाँ तीन तहका सरकारबीच बाँडफाँट भइसकेको छ भने आठ अर्ब ९४ करोड रुपैयाँ अझै बाँडफाँट हुन बाँकी रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

बाँडफाँट गरिएको राजस्वमध्ये सङ्घीय सरकारले ६६ दशमलव दुई प्रतिशत हिस्सा प्राप्त गरेको छ भने प्रदेश सरकारले १७ दशमलव एक प्रतिशत र स्थानीय तहले १६ दशमलव सात प्रतिशत हिस्सा प्राप्त गरेका छन्। अघिल्लो आवमा यस्तो बाँडफाँट हुने राजस्व पाँच दशमलव आठ प्रतिशतले बढेर चार खर्ब ४६ अर्ब ४६ करोड रुपैयाँ पुगेको थियो।

बाँडफाँट हुने राजस्वको संरचनामा मूल्य अभिवृद्धि कर (भ्याट) को हिस्सा सबैभन्दा धेरै रहेको छ । गत आर्थिक वर्षमा बाँडफाँट भएको राजस्वमध्ये भ्याटको हिस्सा ६८ दशमलव दुई प्रतिशत रहेको छ भने अन्तःशुल्क (आन्तरिक उत्पादन) को हिस्सा २४ दशमलव चार प्रतिशत र रोयल्टीसहित अन्य राजस्वको हिस्सा सात दशमलव चार प्रतिशत रहेको छ।

यसरी सरकारी तथ्याङ्कले राजस्व सङ्कलनमा सुधार देखिए पनि प्रदेश र स्थानीय तहको स्वायत्त राजस्व क्षमता अझै कमजोर रहेको देखाएको छ । कुल राजस्वमा सङ्घीय सरकारको अत्यधिक निर्भरता कायम रहँदा वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा चुनौती कायमै रहने देखिन्छ।

# नख्खु कारागार प्रकरणमा मनिष झामाथि अनुसन्धान गर्न सिफारिस



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको अनुसन्धान प्रतिवेदनमा नख्खु कारागारबाट कैदीबन्दी भागेको घटनामा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वय मनिष झा र हरि ढकाललाई पनि अनुसन्धानको दायरामा ल्याउनुपर्ने उल्लेख गरिएको छ।

प्रतिवेदनअनुसार उक्त घटनामा उनीहरूको भूमिका र संलग्नताबारे अनुसन्धान गरी कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन सिफारिस गरिएको हो । रवि लामिछानेलाई कारागारबाट बाहिर निकाल्ने प्रक्रिया तथा त्यसपछिका घटनाक्रममा नेताद्वयको उपस्थिति र भूमिकालाई आधार बनाएर आयोगले अनुसन्धान आवश्यक रहेको निष्कर्ष निकालेको जनाएको छ।

प्रतिवेदनको प्रकरण १५ मा कारागार प्रशासक सत्यराज जोशी र रवि लामिछानेको बयान परस्पर विरोधाभासी रहेको उल्लेख गरिएको छ।

अनुसन्धान समितिसमक्ष दिएको बयानमा जेलर जोशीले लामिछानेका समर्थक तथा सहयोगीहरूको डर, त्रास र दबाबका कारण उनलाई कारागारबाट छोड्ने पत्रमा हस्ताक्षर गर्न बाध्य भएको बताएका छन् । तर लामिछानेले भने जेलरले नै 'तपाईं बाहिर गए जेल सुरक्षित हुन्छ' भन्दै आफूलाई बाहिर पठाएको दाबी गरेका छन्।

आयोगले दबाबमा हस्ताक्षर गरेको दाबी गर्ने जेलरले तत्काल सम्बन्धित निकायलाई जानकारी नगराउनु पनि शंकास्पद देखिएको टिप्पणी गरेको छ।

प्रतिवेदनमा उक्त घटनाका क्रममा १३ हजार ५८५ कैदीबन्दी र ९७४ नाबालक कारागारबाट भागेको तथा घटनामा १० जनाको मृत्यु भएको उल्लेख गरिएको छ । भागेका कैदीहरू पुनः आपराधिक गतिविधिमा संलग्न भई समाजमा भय र त्रास फैलिएको आयोगको निष्कर्ष छ।

आयोगले गैरकानुनी रूपमा कारागारबाट बाहिरिएका व्यक्तिहरूका कारण नागरिकको बाँच्न पाउने अधिकार तथा अपराध पीडितको हक प्रभावित भएको जनाएको छ । साथै मानव अधिकार संरक्षण र कानुनी उत्तरदायित्वको सवालमा राजनीतिक व्यक्तिहरू तथा उनीहरूका सहयोगीहरू पनि समान रूपमा जिम्मेवार हुनुपर्ने धारणा आयोगले व्यक्त गरेको छ।

# अनियमितताबारे बोल्दा सांसदमाथि आक्रमण प्रयास भएको भन्दै विरोध

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभामा योजनासम्बन्धी अनियमितताको विषय उठाएकी हसिना खातूनमाथि आक्रमण प्रयास भएको भन्दै घटनाको विभिन्न तहबाट विरोध गरिएको छ।

जनमत पार्टीकी प्रदेशसभा सदस्य खातूनले प्रदेश सभाको बैठकमा योजना कार्यान्वयन नगरी भुक्तानी गरिएको विषय सार्वजनिक रूपमा उठाएकी थिइन् । त्यसपछि सर्लाहीस्थित उनको निवास घेराउ गर्दै केही व्यक्तिले आक्रमणको प्रयास गरेको जनाइएको छ।

घटनापछि राजनीतिक दल, नागरिक समाज तथा विभिन्न क्षेत्रबाट घटनाको निन्दा गरिएको छ।

जनप्रतिनिधिले सार्वजनिक सरोकारका विषय उठाएको कारण धम्की, दबाब वा आक्रमणको प्रयास हुनु लोकतान्त्रिक मूल्य र अभिव्यक्ति स्वतन्त्रतामाथिको चुनौती भएको टिप्पणी गरिएको छ।

घटनामा संलग्न व्यक्तिमाथि तत्काल कानुनी कारबाही गर्न तथा घटनाको निष्पक्ष छानबिन गर्न माग गरिएको छ। जनमत पार्टीका नेताहरूले पनि सांसदमाथि भएको व्यवहारप्रति आपत्ति जनाउँदै सुरक्षा सुनिश्चित गर्न सरकारसँग आग्रह गरेका छन्।

साथै, योजना कार्यान्वयन नगरी रकम भुक्तानी गरिएको भनिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्नुपर्ने मागसमेत उठेको छ।

घटनाबारे स्थानीय प्रशासन र प्रहरीलाई जानकारी गराइएको जनाइएको छ। प्रहरीले घटनाको विषयमा आवश्यक अनुसन्धान सुरु गरिएको जनाएको छ।

# मानव अधिकारमैत्री बजेट र कार्यान्वयनमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय मानव अधिकार आयोगको २६औं वार्षिकोत्सवको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा वक्ताहरूले मानव अधिकारको संरक्षण र प्रवद्र्धनलाई राज्यका नीति, योजना तथा बजेटसँग प्रत्यक्ष रूपमा जोड्नुपर्ने आवश्यकता औंल्याएका छन्।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले मानव अधिकारको संरक्षण केवल सरकारको दायित्वमा सीमित नभई समाजको सामूहिक जिम्मेवारी भएको बताए । उनले संघ, प्रदेश र स्थानीय तहबाट ल्याइने आगामी बजेट मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिँदै नीति निर्माणसँगै त्यसको प्रभावकारी कार्यान्वयन अत्यन्त आवश्यक रहेको उल्लेख गरे।

उनले 'नीति बनाउनु र बजेट घोषणा गर्नु मात्रै पर्याप्त नहुने, त्यसको प्रतिफल जनताले अनुभूति गर्न सक्ने गरी कार्यान्वयन हुनुपर्छ' भन्ने धारणा राखे। साथै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायका क्षेत्रमा अझै चुनौती विद्यमान रहेको उल्लेख गर्दै महिला–पुरुष, जातजाति तथा समुदायबीचको विभेद अन्त्य गर्नु नै मानव अधिकारको वास्तविक अभ्यास भएको बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले मानव अधिकारसम्बन्धी चेतना गाउँ तहदेखि नयाँ पुस्तासम्म विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए। उनले परिवार र समाजबाटै विभेद अन्त्यको अभ्यास सुरु हुनुपर्ने बताउँदै धनुषामा दुई सय जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेको उदाहरण प्रस्तुत गरे। राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयका प्रमुख बुधनारायण सहनीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मानव अधिकारकर्मी राजकुमार महासेठ, अधिवक्ता रेखा झा तथा नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत लगायतले मानव अधिकारको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे धारणा राखेका थिए।

कार्यक्रममा आयोगले पछिल्लो एक वर्षमा दर्ता भएका उजुरी, अनुसन्धान तथा विभिन्न गतिविधिसम्बन्धी प्रतिवेदन पनि सार्वजनिक गरेको थियो । प्रतिवेदनमा मधेश प्रदेशमा बालविवाह, जातीय विभेद, लैंगिक हिंसा, दाइजो प्रथा र सामाजिक असमानता अझै प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गरिएको छ।

# मेयर सिंह अदालतमा उपस्थित



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह बुधवार आफैँ पर्सा जिल्ला अदालतमा उपस्थित भएका छन् । नागरिकता लिखतसम्बन्धी कसुरमा अनुसन्धानका लागि पर्सा जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी भएको कुरा सामाजिक सञ्जालबाट जानकारी पाएपछि आफैँ अदालतमा हाजिर भएको मेयर सिंहले बताए।

बुधबार बिहान कार्यालय समय सुरु हुनासाथ सिंह अदालतमा उपस्थित भएका हुन्। आफूविरुद्धको न्यायिक प्रक्रियामा सहयोग पु¥याउन स्वेच्छाले अदालतमा उपस्थित भएको मेयर सिंहको भनाइ छ । तर मुद्दाको चाप धेरै रहेका कारण बुधबार आफ्नो मुद्दामा सुनुवाइ नहुने अवस्था रहेपछि फर्किएको उनले बताए।

मेयर सिंह अदालतको समन्वयमै रहेको भन्दै अब सार्वजनिक बिदा सकिएपछि उनी फेरि आफैँ अदालतमा उपस्थित हुने जानकारी अदालत प्रशासनलाई गराएको मेयरका स्वकीए सचिव सत्यराज घिमिरेले बताए। अदालतले जेठ ८ गते नागरिकता लिखतसम्बन्धी मुद्दामा मेयर सिंह, उनकी कान्छी श्रीमती रिता भट्टराई र वीरगंज महानगरपालिकाका वडा नम्बर ३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी रायविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

मेयर सिंहले कान्छी श्रीमती भट्टराईकी छोरी रुविना श्रेष्ठलाई नागरिकता बनाइदिएको स्वीकार्दै आएका छन् भने यो कार्य फर्जी हो भन्दै अदालतमा मुद्दा परेको छ।

# साप्ताहिक आर्थिक विवरण सार्वजनिक निर्णयसहित पदभार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका नवनियुक्त अर्थमन्त्री युवराज भट्टराईले बुधबार पदभार ग्रहण गरेका छन्। पदभार सम्हाल्ने बित्तिकै उनले प्रदेश सरकारको आर्थिक गतिविधिलाई थप पारदर्शी बनाउने उद्देश्यले खर्च, आम्दानी तथा सञ्चित कोषको विवरण साप्ताहिक रूपमा सार्वजनिक गर्ने निर्णय गरेका छन्।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेता समेत रहेका भट्टराईलाई मंगलबार मुख्यमन्त्रीको सिफारिसमा अर्थमन्त्री नियुक्त गरिएको थियो। नियुक्तिपछि उनले प्रदेश प्रमुखसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए । बुधबार मन्त्रालय पुगेर औपचारिक रूपमा कार्यभार सम्हाल्दै मन्त्री भट्टराईले प्रदेश सरकारको आर्थिक अवस्था, बजेट कार्यान्वयन तथा राजस्व संकलनबारे नागरिकलाई नियमित जानकारी दिने व्यवस्था गरिने बताए। उनका अनुसार खर्च र आम्दानीसम्बन्धी विवरण प्रत्येक साता मन्त्रालयको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ । यसबाट आर्थिक पारदर्शिता अभिवृद्धि हुनुका साथै सरकारप्रति नागरिकको विश्वास थप मजबुत हुने अपेक्षा गरिएको छ । मन्त्री भट्टराईले वित्तीय अनुशासन, मितव्ययिता र परिणाममुखी बजेट कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।



**सिडिओ अफिसमा सेवाग्राहीको घुइँचो**: जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुधबार आएका सेवाग्राहीको घुइँचो । बिहीबारदेखि लगातार ४ दिन बिदा परेपछि कार्यालयमा सेवाग्राहीको घुइँचो लागेको हो । तस्बिरः रासस

# पत्रकार महासंघमा चारबुँदे माग प्रस्तुत, तीन दिने अल्टिमेटम

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ पर्सा शाखामा सदस्यता शुद्धीकरण, आर्थिक पारदर्शिता तथा नियमित साधारणसभा सम्पन्न गर्नुपर्ने विषयलाई लिएर सञ्चारकर्मीहरूले चारबुँदे माग अघि सार्दै तीन दिने अल्टिमेटम दिएको छ । उनीहरूले नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनाल, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा तथा केन्द्रीय लेखा समिति अध्यक्ष केसी लामिछानेलाई ज्ञापनपत्र बुझाएका छन् ।
ज्ञापनपत्रमा पत्रकारहरूको साझा संस्थालाई केही व्यक्तिले स्वार्थअनुसार परिचालन गर्न खोजेको तथा संस्थालाई विवादमा तानेर बन्धक बनाउने प्रयास भएको आरोप लगाइएको छ । यस्ता गतिविधिले संस्थाको गरिमामा असर पुगेको भन्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ । पत्रकारहरूले महासंघ पर्सा शाखाले केन्द्रमा बुझाएको सदस्यता शुल्कसम्बन्धी हिसाबकिताब सार्वजनिक गरी आर्थिक पारदर्शिता कायम गर्नुपर्ने माग गरेका छन् ।
त्यस्तै, अघिल्लो कार्यसमितिबाट निर्णय पुस्तिका, आयव्यय विवरण तथा अन्य प्रशासनिक कागजात नयाँ कार्यसमितिलाई हस्तान्तरण गरी साधारणसभा समयमै सम्पन्न गर्नुपर्ने माग गरिएको छ । सदस्यता शुद्धीकरणका क्रममा संस्थाको विधान, नियम तथा मापदण्डअनुसार कायम रहेका सम्पूर्ण सदस्यहरूको निष्पक्ष रूपमा शुद्धीकरण हुनुपर्ने माग पनि पत्रकारहरूको छ । सामाजिक सञ्जालमार्फत महासंघको गरिमामा आँच पुग्ने गतिविधि गरी संस्थालाई बदनाम गराउने व्यक्तिमाथि छानबिन गरी कारबाही गर्नुपर्ने माग गरिएको छ । तोकिएको अवधिभित्र माग पूरा नभए थप दबाबमूलक आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने चेतावनी दिएको छ ।

# समसामयिक विषयमा राष्ट्रियसभाका सांसदद्धारा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
राष्ट्रियसभाको आजको बैठकमा सांसदहरूले शिक्षा, स्वास्थ्य, रोजगारी र कृषि क्षेत्रमा देखिएका समस्यालगायत मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । शून्य समयमा सांसद चन्द्रबहादुर केसीले नेपालका गुल्मी, अर्घाखाँची र धनकुटालगायत १६ जिल्लाका किसान वन्यजन्तुबाट पीडित हुनुपरेको जनाउँदै सरकारको ध्यानाकर्षण गराए ।
सांसद जगत तिमिल्सिनाले भने, 'त्रिभुवन विश्वविद्यालयमा विसं २०६५ पछि प्रवेश गरेका प्राध्यापक र कर्मचारी आज ४५ दिनदेखि अनिश्चितकालका लागि धर्नामा छन्, त्यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गर्न चाहान्छु ।'
सांसद रञ्जित कर्णले स्वास्थ्य बिमा बोर्डले यही जेठ १६ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम निजी स्वास्थ्य संस्थानबाट स्थगत गरेको उल्लेख त्यसलाई तत्काल खारेज गर्नुपर्ने माग गरे ।
उनले भने, 'प्रत्येक वर्ष हुने प्राकृतिक प्रकोपका कारणले गर्दा ठूलो जनधनको क्षति भएको छ, विशेष गरी ६० प्रतिशत ग्रामिण क्षेत्रमा बाढी, ४० प्रतिशत पहिरो, १० प्रतिशत आगलागीले प्रभावित भएकाले ग्रामीण बस्तीलाई पनि वैज्ञानिक हिसाबले व्यवस्थित गरियोस् भन्ने माग गर्दछु ।'
सांसद रेखाकुमार झाले झापा, पर्सा र बाँके जिल्लाका सीमावर्ती क्षेत्रबाट लागुऔषधमा पक्राउ गरिएको प्रहरीको तथ्य प्रस्तुत गर्दै सीमा क्षेत्रमा हुने चोरी÷तस्करी रोक्न सरकारको ध्यानाकर्षण गराए ।
सांसद रोशनी मैँचेले दीर्घकालीन समाधानको विकल्प दिएर मात्रै सुकुमवासीलाई बसिरहेको स्थानबाट हटाउनुपर्ने माग गरिन् । सांसद सम्झना देवकोटाले भनिन्, 'हामीले शून्य समय र विशेष समयमा जनताका जस्ताबल्दा समस्या उठाउँछौँ, तर सरकारले त्यसको जवाफ दिएको छैन, हामी सधैँ नाजवाफ भएर फर्केका छौँ, सरकारले सभालाई महत्व नठानेको हो ? यसबारेमा सभाअध्यक्षको ध्यानाकर्षण गराउनुपर्छ ।'
सांसद सोमनाथ पोँतेलले यही वैशाख ११ गतेको हुरीले पूर्वी नेपालमा केराखेतीमा ठूलो क्षति हुँदा किसानलाई साडे ती करोड घाटा भएको जनाउँदै किसानलाई आवश्यक राहतको व्यवस्था गर्न सरकारसँग माग गरे । रासस

# बकर इदको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा लगायत मधेशका अधिकाश जिल्लामा इस्लाम धर्मलम्बीहरूको महान पर्व बकर इदको तयारी भव्य साथ चलिरहेको छ । यस पर्वमा नेपाल सरकारले सार्वजनि बिदा दिएको छ । बकर इदसँगै यस पटक लगातार चार दिन बिदा परेको छ । बकर ईद, गणतन्त्र दिवस तथा नियमित सार्वजनिक बिदा परेकाले भोलिदेखि लगातार चार दिन सरकारी कार्यालय, विद्यालय तथा सार्वजनिक संस्था बन्द हुने भएका छन् । भोलि बिहीबार मुस्लिम धर्मावलम्बीहरूको महान पर्व बकर ईदको अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ । त्यसपछि शुक्रबार जेठ १५, गणतन्त्र दिवस परेकाले पुनः सार्वजनिक बिदा हुनेछ । त्यसलगत्तै शनिबार नियमित साप्ताहिक बिदा परेको छ भने आइतबार पनि साप्ताहिक बिदाका साथै पूर्णिमाको अवसरमा विभिन्न सरकारी कार्यालय, विद्यालय तथा स्थानीय तहमा बिदा रहनेछ । यससँगै भोलिदेखि लगातार चार दिनसम्म अधिकांश सरकारी सेवा, शैक्षिक संस्था तथा सार्वजनिक निकाय बन्द रहने भएका हुन् । अत्यावश्यक सेवा भने नियमित रूपमा सञ्चालन हुने जनाइएको छ ।

# ४१ लाख १४ हजार सवारी स्मार्ट चालक अनुमतिपत्र वितरण

**वीरगंज ।**
सार्वजनिक भएको आर्थिक सर्वेक्षण २०८२–८३ आनुसार चालु आर्थिक वर्षको फागुनसम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको छ । बुधबार हालसम्म (२०८२ फागुनसम्म) ४१ लाख १४ हजार १८१ थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको सर्वेक्षणमा उल्लेख छ ।
सर्वेक्षणअनुसार चालु आर्थिक वर्षको फागुनसम्म ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएको छ भने पाँच हजार १८६ थान जडान भएको छ । २०८२ फागुनसम्म आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकोमा ८८ हजार ३४० थान मात्र जडान भएको छ । इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ स्वीकृति भई कार्यान्वयनमा रहेको छ ।
सर्वेक्षणअनुसार आव २०८२÷८३ को फागुनसम्म बस, मिनिबस, ट्रक, माइक्रोबस, कार, मोटरसाइकललगायतका विभिन्न दुई लाख ८१ हजार ९२१ यातायातका साधन दर्ता भएका छन् । २०८२ फागुनसम्म यस्तो संख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ । दर्ता भएका सवारी÷यातायातका साधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल रहेको सर्वेक्षणमा उल्लेख छ ।


**"नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"**

**गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी सात दिने अत्यन्त जरुरी सूचना**

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६७१ | ००९०१.८४ |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६३९ | ००८३७.०० |
| हरिहरपुर ०१ ,पर्सा | ३७७ | २५७०.०० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ जेठ २० गते बुधवार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ जेठ २१ गते बिहिबार दिउँसो ४:०० बजे देखि**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ,बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।

# रौतहटमा कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना



**रौतहट।**
चन्द्रपुर नगरपालिका–९ डुमरियामा कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना गरिएको छ । केन्द्रको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले मङ्गलबार उद्घाटन गरे । केन्द्रले किसानलाई मौसमसम्बन्धी विभिन्न पूर्वानुमान उपलब्ध गराउनेछ । तापक्रम, वर्षा, हावाको गति मौसमसम्बन्धी तथ्याङ्क केन्द्रमा सङ्कलन हुनेछ । मौसमको अवस्था हेरेर बाली कहिले लगाउने, सिँचाइ कहिले गर्ने र मल तथा औषधि कहिले प्रयोग गर्ने लगायतका विषयमा केन्द्रले जानकारी दिनेछ।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या राय यादवले किसानको बाहुल्य भएको रौतहटमा हरेक पालिकाका किसानका लागि यसप्रकारको केन्द्र आवश्यक भएको बताए।

जल तथा मौसम विभाग मधेश प्रदेशका प्रमुख राजीवकुमार झाले केन्द्र हरेक पाँच किलोमिटरको दूरीमा राख्नुपर्ने बताए। वन क्षेत्रको संरक्षण, पूर्वाधार विकासमा समेत केन्द्रमा महत्वपूर्ण भूमिका हुने कार्यालय प्रमुख झाले बताए।

अहिलेको अवस्थामा कृषि तथा जलवायु मौसम मापन केन्द्रबाट ८० प्रतिशत प्रक्षेपण मिलेको उनको भनाइ छ। केन्द्रले असिना, खडेरी, अत्यधिक वर्षा वा बाढी जस्ता प्राकृतिक प्रकोपसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने उनले बताए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिताराम रिजालले मानवीय क्षति न्यूनीकरण गर्न केन्द्रले सहयोग गर्ने धारणा राखे।


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यालय ,बदननगर, वीरगंजको
## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा विभिन्न मितिहरुमा मधेशदृष्टि राष्ट्रिय पत्रिकामा (लिलामी सूचना) १५ दिने तथा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन मिती २०८३/०२/२१ गते बिहिवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन)** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

स्व. सेराजुल हक अंसारीको बुहारी, अफ्रोज आलम अंसारीको पत्नी जिल्ला बारा ,प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्ने ( ना.प्र.न.३३१०८३/१२७३३,जारी मिती २०६८/०२/११, जि.प्र.का. बारा) बर्ष ४४ की मोगलिसा खातुन ।

**कर्जाको प्रकार:- व्यक्तिगत अधिविकर्ष कर्जा, अल्पकालिन कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) हमीद मिया अंसारीको नाती, स्व. सेराजुल हक अंसारीको छोरा , जिल्ला बारा ,प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्ने ( ना.प्र.न.२५०/२२०२/१३१५,जारी मिती २०५१/०२/०१, जि.प्र.का. बारा) बर्ष ४७ को अफ्रोज आलम अंसारीको नाममा धितो कायम रहेको जिल्ला बारा, प्रस्टोका गा.वि.स वडा नं ०२, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४, हरपुर स्थित किता नं. १५० को जम्मा क्षेत्रफल ०-२-१५ को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क)**स्व. हमिद मिया अंसारीको नाती, स्व सेराजुल हक अंसारीको छोरा ,जिल्ला बारा ,साविक प्रस्टोका गा.वि.स वडा नं. २, हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ जितपुर बस्ने ( ना.प्र.न.२५०/२२०२/१३१५,जारी मिती २०५१/०२/०१ जि.प्र.का. बारा) बर्ष ४७ को अफ्रोज आलम अंसारी ।

**ख)**स्व. सेराजुल हक अंसारीको नाती, अफ्रोज आलम अंसारीको छोरा ,जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ बस्ने (ना.प्र.न.३३-०२-७६-०१२५३,जारी मिती २०७६/०२/३० ,जि.प्र.का. बारा) बर्ष २२ को समिर अंसारी ।

**ग)**स्व. सेराजुल हक अंसारीको नातीनी, अफ्रोज आलम अंसारीको छोरी ,जिल्ला बारा,जितपुरसिमरा उपमहानगरपालीका वडा नं. २४ घरभई हाल जितपुरसिमरा उपमहानगरपालीका वडा नं. ७ बस्ने (ना.प्र.न.३३-०१-७५-००८०६,जारी मिती २०७५/०१/३१ जि.प्र.का. बारा) बर्ष २६ को अन्जुम आरा ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं. ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ जेठ २० गते बुधबार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ जेठ २१ गते गते बिहिबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज), बरहथवा(सर्लाही) , बर्दिबास (महोतरी) ।


# रासायनिक मलको विकल्प बन्दै गँड्यौला मल

**मधेशदृष्टि**
**जनकपुरधाम।**
खेतीपातीको मुख्य सिजनमा हरेक वर्ष रासायनिक मल अभाव झेल्दै आएका नेपाली किसान अहिले विकल्पको खोजीमा जुट्न थालेका छन् । त्यसैको परिणामस्वरूप विभिन्न जिल्लामा किसान स्वयं तथा संघ–संस्थाको पहलमा प्राङ्गारिक मल उत्पादनको अभ्यास बढ्दै गएको छ। पछिल्लो समय गँड्यौला मल अर्थात् भर्मी कम्पोस्ट किसानमाझ प्रभावकारी विकल्पका रूपमा स्थापित हुँदै गएको देखिन्छ।



धनुषाको गणेशमान चारनाथ नगरपालिका बरमझियाका ५८ वर्षीय रामपुकार यादव अहिले गँड्यौला मल उत्पादनमार्फत उदाहरणीय किसानका रूपमा परिचित बनेका छन्। सुरुमा आफ्नै खेतबारीका लागि उत्पादन थालेका उनले अहिले व्यावसायिक रूपमा मल उत्पादन गर्दै आएका छन्।

रासायनिक मलको विकल्प खोज्दै उनले धान, गहुँ, उखु, आलु तथा तरकारी खेतीमा गँड्यौला मल प्रयोग गर्दा उत्पादन राम्रो भएपछि अन्य किसान पनि आकर्षित भएका हुन्।

त्यसपछि उनले 'सौरभ गँड्यौला मल उद्योग' दर्ता गरी व्यवसाय विस्तार गरेका छन् । अहिले विभिन्न किसान र संघ–संस्थाले उनीबाट गँड्यौला मल खरिद गर्ने गरेका छन्।

गाईभैंसीको गोबर तथा खेतबारीबाट निस्किने कुहिने फोहोर प्रयोग गरी गँड्यौलाको सहायताले तयार गरिने यो मल माटोको उर्वराशक्ति बढाउन, उत्पादन लागत घटाउन तथा स्वस्थ बाली उत्पादन गर्न उपयोगी मानिन्छ । यसले रासायनिक मलको निर्भरता कम गर्नुका साथै जैविक फोहोरको सदुपयोग र वातावरण संरक्षणमा समेत योगदान पुर्‍याउने कृषि विज्ञहरूको भनाइ छ।

वि.सं. २०७७ मा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (यूएनडीपी)को आर्थिक सहयोगमा सामुदायिक सुधार केन्द्र धनुषा ले वीरेन्द्र बजारमा ५५ जना किसानलाई गँड्यौला मल उत्पादनसम्बन्धी तालिम दिएको थियो। तालिम लिने किसानमध्ये रामपुकार पनि एक हुन्।

५ किलो गँड्यौला र एउटा भर्मी बेडबाट सुरु भएको उनको व्यवसाय अहिले १५० किलो गँड्यौला र १२ वटा भर्मी बेडसम्म विस्तार भएको छ। उनले वार्षिक करिब १२५ क्विन्टल मल उत्पादन गर्दै प्रतिकिलो २५ रुपैयाँका दरले बिक्री गरी वार्षिक दुई लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन्।

यस्तै, पाल्पाको तानसेन नगरपालिका–५ धरमपानीस्थित कुटु कृषि फार्मले पनि व्यावसायिक रूपमा गँड्यौला पालन गरी भर्मी कम्पोस्ट मल उत्पादन तथा बिक्री गर्दै आएको छ । किसानसँगै कौशी खेती गर्नेहरूका लागि पनि यो मल रासायनिक मलको विकल्प बन्दै गएको छ।

पाल्पाको जलेश्वर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले रिब्दीकोट गाउँपालिकाको सहयोगमा 'अमृतबुटी जैविक मल' उत्पादन गरिरहेको छ । वनमारा, तितेपाती तथा पहाडी झारपात प्रयोग गरी तयार गरिने उक्त मलप्रति किसानको आकर्षण बढ्दो छ।

त्यसैगरी पाल्पाको माडी फाँट क्षेत्रका दुई हजारभन्दा बढी किसानले हरियो मल 'ढैंचा' प्रयोग गर्न थालेका छन् । कृषि विज्ञहरूका अनुसार रासायनिक मल तथा परम्परागत गोबर मलको तुलनामा हरियो मलले माटोको उर्वराशक्ति संरक्षणमा बढी सहयोग पुर्‍याउँछ।

कृषि क्षेत्रमा बढ्दो रासायनिक निर्भरताबीच गँड्यौला मल तथा अन्य जैविक मलको प्रयोग विस्तार गर्न तीनै तहका सरकारले किसानलाई प्रोत्साहन, तालिम र बजारीकरणमा सहयोग गर्नुपर्ने आवश्यकता देखिएको छ।

# बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**राकेश यादव**
**रौतहट।**
चन्द्रपुर–२ महेन्द्र राजमार्ग अन्तर्गत पूर्वी लच्का नजिक बुधवार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

लहानबाट नारायणघाट जाँदै गरेको ना५ख ७२४८ नम्बरको बसले नारायणघाटबाट आउँदै गरेको ना२५प १०८० नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटर साइकल चालकको मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर २६ वर्षीय चन्द्रपुर नगरपालिका वडा नम्बर १ का शेख गुलामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

बस चालक मकवानपुर गढी–३ का ५९ वर्षीय लक्ष्मी भक्त ओझालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# महानगरमा बोहोरा प्रशासकीय अधिकृत

**मधेशदृष्टि**
**वीरगंज।**
संघ सरकारले वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा बसन्त बहादुर बोहरालाई खटाउने निर्णय गरेको छ । गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले २९ जना सहसचिवको सरुवा गर्ने क्रममा वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा बोहरालाई पठाउने निर्णय गरेको हो।

हाल भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत सहसचिव बोहरालाई वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा सरकारले खटाएको हो। यसअघि गत फागुन १२ गते तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा रेशमलाल कँडेललाई सरुवा गरेको थियो। तर वीरगंज महानका मेयर राजेशमान सिंहले महानगरको सहमति बेगर गरिएको निर्णयप्रति असहमति जनाउँदै निर्णयमा पुर्नविचार गर्न आग्रह गर्दै मन्त्रालयमा पत्रचार गरेका थिए । यसअघि वीरगंज महानगरमा सरुवा गरेर पठाइएका रेशमलाल कँडेललाई भने मन्त्रीपरिषद बैठकले हाल कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा खटाउने निर्णय गरेको छ।

# अदालत र मालपोटमा दलाल हटाउन माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कम्युनिस्ट पार्टीका सांसद जोग कुमार बरबरिया यादवले धनुषा जिल्ला स्थित अदालत र मालपोत जग्गा दलालको पक्षमा हुँदा नागरिकले दुःख पाएको बताएका छन्। प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उनले धनुषाको कमलामाइ नगरपालिकामा यस्तो भएको बताएका हुन्।

त्यस क्षेत्रमा पाँच वर्ष अगाडि उब्जनी खेत गरेको किनबेचमा गडबडी गरिएको र नागरिकले दुःख पाएको उनले बताए । 'धनुषामा त्यहाँको अदालत र मालपोत जमिन दलालको पक्षमा छ । जनता न्यायको पक्षमा छ,' उनले भने।

# दुई वरिष्ठ व्यक्तित्वको निधन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा उद्योग र खेलकुद क्षेत्रका दुई वरिष्ठ व्यक्तित्वको निधन भएको छ । जीडी फार्मास्युटिकलका सञ्चालक तथा वरिष्ठ उद्यमी घनश्याम चाचान र खेलकुद क्षेत्रका स्थापित प्रशिक्षक एवं समाजसेवी लक्ष्मण श्रेष्ठ (लक्षु काका) को निधन भएको हो । उद्योग क्षेत्रसँग लामो समयदेखि आबद्ध चाचानले वीरगंजको औद्योगिक तथा औषधि व्यवसायिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका थिए। उनी जीडी फार्मास्युटिकलमार्फत स्थानीय उद्योग प्रवद्र्धनमा सक्रिय रहँदै आएका थिए । त्यसैगरी बिर्ता निवासी लक्ष्मण श्रेष्ठ खेलकुद क्षेत्रमा लामो समयदेखि प्रशिक्षक तथा मार्गदर्शकका रूपमा परिचित थिए। उनी स्थानीय खेलाडी उत्पादन तथा खेलकुद विकासमा समर्पित व्यक्तित्वका रूपमा चिनिँदै आएका थिए । दुवै व्यक्तित्वको निधनप्रति उद्योगी, व्यवसायी, खेलकुदकर्मी तथा स्थानीय समाजले गहिरो दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनीहरूको निधनले वीरगंजको उद्योग र खेलकुद क्षेत्रमा अपूरणीय क्षति पुगेको सरोकारवालाहरूले बताएका छन्।

# दैनिक ३ लाख जनता हिँड्ने मार्गबारे ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद टेकबहादुर शाक्यले वीरगंज पावरहाउस चोकदेखि ड्राइपोर्ट, पोखरीया हुँदै लंगडीसम्म फोरलाईन सडक र वीरगंज–ठोरी हुलाकी सडकको अधुरो सडक तत्काल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै सांसद शाक्यले ध्यानाकर्षण गराएका हुन् । वीरगंज–ठोरी हुलाकी सडक खण्ड अन्तर्गत ठोरी गाउँपालिकाको वडा नम्बर १ र २ को झन्डै ५ किलोमिटर दूरी चितवन राष्ट्रिय निकुञ्जले अवरोध गर्दा कालोपत्र हुनसकेको छैन भने ढेडुखोलामा पुल बन्न सकेको छैन। वर्षौंदेखि खोलामा पुल नबन्दा वर्षायामको समयमा विद्यार्थी स्कुल जान र बिरामी तथा सुत्केरीलाई अस्पतालसम्म पुर्‍याउन नसक्ने अवस्था रहेको उनको भनाइ थियो।

बिरामीहरूलाई उपचार गराउनका लागि भारतीय भूमि प्रयोग गरी जिल्ला सदरमुकाम वीरगंज लैजानुपर्छ भन्ने कुरा सुन्दा पनि अच्चम्म मान्ने पर्ने अवस्था रहेको भन्दै सांसद शाक्यले सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए।

त्यसैगरी वीरगंज पावर हाउस चोकदेखि ड्राइपोर्ट हुँदै पोखरीया, लंगडीसम्मसम्म चार लेन सडक विस्तार गर्न समेत उनले माग गरे। यो सडकखण्ड भएर दैनिक ३ लाख मानिस आउजाउ गर्ने भन्दै उनले यो सडक सिंगो पर्साको भविष्यको सेतु भएको बताए । त्यसैगरी किसानलाई मल विउको सहज उपलब्धता हुनुपर्ने सांसद शाक्यको माग थियो। उनले ३६ वर्षसम्म मधेशले नेता बोकेको भन्दै, अब यो सरकारले मधेश बोकोस् भन्ने सदिच्छा जाहेर गरे।

# जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट पेश हुने

**वीरगंज।**
आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्न सङ्घीय संसद्को संयुक्त बैठक जेठ १५ गते शुक्रबार अपराह्न ४ बजे बस्ने भएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले ४ बजे बस्ने संयुक्त बैठकका लागि ३:४५ बजे नै प्रतितिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूलाई उपस्थित भइसक्न सूचित गरेका हुन्।

नेपालको संविधान २०७२ जारी भएपछि संविधानमै व्यवस्था गरेर प्रत्येक वर्ष जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने मिति तोकिएको छ।

गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते बजेट प्रस्तुत गर्ने व्यवस्था गरिएको हो । यसैगरी प्रतिनिधिसभाको बैठक भने जेठ १५ गते शुक्रबार बेलुकी ५:३० बजे बस्ने जानकारी पनि सभामुख अर्यालले दिए।

## सम्पादकीय

# अस्थिरताको चक्रव्यूहमा मधेशः सत्ता समीकरण र संशयको राजनीति

नेपालको संघीयता अभ्यासको सबैभन्दा रोचक र उथलपुथलपूर्ण प्रयोगशाला 'मधेश प्रदेश' बनेको छ। कुनै समय एउटै दल वा बलियो क्षेत्रीय गठबन्धनले नेतृत्व गर्ने अपेक्षा गरिएको यो भूभाग अहिले राजनीतिक दाउपेच, 'म्युजिकल चेयर' (कुर्सीको खेल) र अनपेक्षित समीकरणको केन्द्र बनेको छ।

अहिले कांग्रेस नेतृत्वको सरकार जोगाउन नेकपाले अर्थमन्त्रालय सम्हाल्ने र एमालेले समेत समर्थन गर्ने जुन दृश्य देखिएको छ, यसलाई राजनीतिक वृत्तमा 'मधेशको रोग' रोक्ने अस्थायी ओखतीका रूपमा मात्र हेरिएको छ। इतिहास र वर्तमानका सूचकहरूलाई हेर्ने हो भने यो गठबन्धन 'दिगो' हुनेमा बलियो शङ्का छ

यो गठबन्धन कुनै साझा एजेन्डा, प्रादेशिक विकासको मार्गचित्र वा वैचारिक निकटताका कारण बनेको होइन। यो केवल 'मुख्यमन्त्री जोगाउने' र 'महत्त्वपूर्ण मन्त्रालय हत्याउने' गणितीय बाध्यताको उपज हो। मधेश प्रदेशका आफ्नै मौलिक समस्या र आवश्यकताहरू छन्। तर, विडम्बना के छ भने जनकपुरको सत्ता समीकरणको साँचो सधैँ काठमाडौँका शीर्ष नेताहरूको खल्तीमा हुन्छ। केन्द्रमा अलिकति पनि समीकरण तलमाथि हुनासाथ त्यसको पहिलो परकम्प मधेशमा ठोक्किन आइपुग्छ।

गठबन्धन बाहिर मात्र होइन, सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्रै तीव्र असन्तुष्टि छ। मन्त्रालय बाँडफाँट र आन्तरिक शक्ति सन्तुलन नमिल्दा आफ्नै पार्टीका नेताहरूले राजीनामा दिने वा विद्रोह गर्ने स्थिति आउनुले सरकारको जग कति कमजोर छ भन्ने देखाउँछ।

मधेश आन्दोलनले स्थापित गरेका एजेन्डाहरू—पहिचान, संघीयता, र अधिकार—निकै बलिया थिए। तर, ती एजेन्डा बोकेर सत्तामा पुगेका क्षेत्रीय दलहरू र केन्द्रमा राज गरिरहेका परम्परागत दलहरू दुवैले मधेशलाई केवल 'सत्ताको अंकगणित मिलाउने थलो' मात्र बनाए।

चुनाव जित्नका लागि मधेशी भावनाको प्रयोग गर्ने तर सत्तामा पुगेपछि व्यक्तिगत र गुटगत स्वार्थमा लिप्त हुने प्रवृत्तिले गर्दा राजनीतिक अस्थिरता यहाँको स्थापित चरित्र जस्तो बन्न पुगेको छ।

विगतका आन्दोलनकारी दलहरू (जस्तै जसपा, लोसपा) सँगै नयाँ शक्तिका रूपमा आएको जनमत पार्टी र हालैका निर्वाचनहरूमा देखिएको राजनीतिक फेरबदल (जस्तै रास्वपा र स्वतन्त्र लहरको प्रभाव) ले मधेशी जनता अब पुरानै शैलीको अस्थिरताबाट आजित भइसकेका छन् भन्ने सङ्केत गर्छ।

अर्थमन्त्रालय र केही पदहरूको लेनदेन गरेर तत्कालका लागि सत्ता जोगाउनु राजनीतिक दलहरूका लागि रणनीतिक सफलता होला, तर मधेशका आम नागरिकका लागि यो पुरानै 'अस्थिरताको शृंखला' को निरन्तरता मात्र हो। जबसम्म दलहरूले प्रादेशिक स्वायत्तताको सम्मान गर्दै स्थानीय विकास र जनताको जनजीविकालाई केन्द्रमा राख्दैनन्, तबसम्म मधेशको यो 'राजनीतिक रोग' निको हुने छाँटकाँट देखिँदैन। कांग्रेसभित्रको आन्तरिक कलह र नेकपा–एमालेको महत्त्वाकांक्षाले यो सरकारलाई कुनै पनि बेला अर्को संकटमा धकेल्न सक्छ।

# असुरक्षित गर्भपतनको जोखिम कम भएन

–राष्ट्रिय समाचार समिति

झापा, मेचीनगर नगरपालिका–१० की २३ वर्षीया जुनिता (नाम परिवर्तन)ले विर्तामोडस्थित एक निजी स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिइन्। उनलाई अत्यधिक रक्तस्राव भयो र ज्यान जोखिममा परेपछिमात्र मेची अस्पतालमा भर्ना गरेर उपचार गराउनुपर्यो। हाल उनका स्वास्थ्यमा सुधार देखिए पनि ६ महिना बितिसक्दा यसको मानसिक र शारीरिक असर कायमै छ। उनले भनिन्, 'असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिन नहुने रहेछ।'

इलाम माङ्सेबुङ गाउँपालिका–१ की २७ वर्षीया शान्ति (नाम परिवर्तन)ले पनि यस्तै नियति भोग्नुपर्यो। दुई सन्तानकी आमा उनले अस्थायी साधनबारे बुझ्न नपाउँदै पुनः गर्भधारण हुन पुग्यो। आर्थिक विपन्नताका कारण स्थानीय स्वास्थ्य सस्थाको समन्वयमा चिकित्सकको सल्लाह विना नै औषधि सेवन गर्दा उनलाई अत्यधिक रक्तस्रावको समस्या भयो।

तत्काल दमकस्थित आम्दा अस्पताल पुर्याएपछि मात्र उनको ज्यान जोगिन सफल भयो। 'जहाँ पायो त्यही गएर स्वास्थ्यकर्मीलाई नसोधी औषधि खान नहुने रहेछ,' उनले सात महिनाअघिको स्मरण गर्दै भनिन्, ' जथाभावी औषधि सेवन गर्दा झन्डै ज्यानै गयो।'

असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिँदा र सेवाका लिने नाममा जथाभावी औषधि सेवन गर्दा महिलाले भोग्नु परेको केही उदाहरण हुन्। चेतनाको अभाव, भौगोलिक विकटता र सामाजिक लाञ्छनाका कारण अझै पनि महिला असुरक्षित गर्भपतनको गम्भीर जोखिम मोल्न बाध्य छन्।

नेपालमा सुरक्षित गर्भपतन सेवाले कानुनी मान्यता पाएको २४ वर्ष व्यतीत भइसकेको छ। कोशी प्रदेश स्वास्थ्य मन्त्रालयकी जनस्वास्थ्य अधिकृत आस्था थापाका अनुसार नेपालमा कुल गर्भधारणमध्ये करिब ५३ प्रतिशत गर्भ अनिच्छित हुने गरेका छन्।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन्। अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ। औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ।

कोशी प्रदेशमा मातृ मृत्युदर अनुपात प्रतिलाख जीवित जन्ममा १५७ रहेको छ। प्रदेशमा पनि औसतमा प्रत्येक दिन दुई महिलाको मातृ मृत्यु हुने गरेको छ। तीमध्ये करिब पाँच प्रतिशत मृत्यु गर्भपतनसम्बन्धी जटिलतासँग जोडिएको मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

नेपालको संविधान २०७२ ले महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरेबमोजिम 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५' नियमावली २०७७ कार्यान्वयनमा छ। तर यसबाट ग्रामीण विपन्न समुदाय लाभान्वित हुन सकेका छैनन्।

ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ। गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ। गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ। यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ। यस्ता अव्यावहारिक प्रावधानलाई तत्काल संशोधन गर्न जरुरी छ।

सुरक्षित गर्भपतन सेवा केन्द्र न्यून, पहुँच पनि कम

कोशी प्रदेशमा कुल २६३ सूचीकृत सुरक्षित गर्भपतन सेवा केन्द्र भए पनि भौगोलिक रूपमा यसको वितरण असमान छ। ताप्लेजुङ, सोलुखुम्बु र ओखलढुङ्गा जस्ता हिमाली तथा पहाडी जिल्लामा सेवा केन्द्रको संख्या अत्यन्तै न्यून छ। यसबाहेक तालिम प्राप्त स्वास्थ्यकर्मीको कमी, कर्मचारीको उच्च स्थानान्तरण दर, औषधिको अभाव र दोस्रो ट्राइमेस्टर (१२ हप्तापछिको) सेवा सबै सरकारी अस्पतालमा उपलब्ध हुन नसक्नु प्रमुख प्राविधिक चुनौतीका रूपमा छन्।

भौगोलिक जटिलतासँगै सामाजिक सोच र लाञ्छनाले पनि सुरक्षित सेवाको उपयोगमा अवरोध सिर्जना गरिरहेको छ। स्वास्थ्य कार्यालय झापाका सूचना अधिकारी विश्वनाथ श्रेष्ठका अनुसार गर्भपतनलाई धेरै समुदायमा अझै नकारात्मक वा पापको दृष्टिकोणले हेरिने हुनाले कतिपय महिलाले गोपनीयताको डर र सामाजिक आलोचनाका कारण सुरक्षित सेवा लिन हिच्किचाउने गरेका छन्।

सरकारी स्वास्थ्य संस्थामा यो सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध भए पनि त्यसबारे पर्याप्त जानकारी नहुँदा धेरै महिला असुरक्षित, अवैधानिक र महँगो विकल्प रोजेर आफ्नो ज्यान जोखिममा पार्न बाध्य छन्। स्थानीय तहहरूले सुरक्षित गर्भपतन सेवा विस्तारका लागि बजेट विनियोजन गर्न थाल्नु, गैरसरकारी संस्थाको सहभागिता बढ्नु र प्रदेश स्वास्थ्य तालिम केन्द्रमार्फत नियमित रूपमा स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिनु सकारात्मक पक्ष हुन्।

गत आर्थिक वर्ष २०८१÷८२ मा मात्रै कोशी प्रदेशमा २० वर्षमुनिका एक हजार ३७४ र सोभन्दा माथिका ३३ हजार १०६ जना गरी कुल ३४ हजार ४८० सेवाग्राहीले सुरक्षित गर्भपतन सेवा लिएका छन्। मन्त्रालयका अनुसार सङ्घीय तथा शिक्षण अस्पतालहरूमा भन्दा निजी अस्पताल र केही साना स्वास्थ्य संस्थाहरूमा गर्भपतन गराउने सेवाग्राहीको चाप बढी देखिएको छ, जसले महिलाहरू सेवाको सहजता र गोपनीयताका लागि साना केन्द्रमा आकर्षित हुने गरेको सङ्केत गर्छ।

कोशी स्वास्थ्य निर्देशनालयको आधिकारिक तथ्याङ्क अनुसार कोशी प्रदेशका जिल्लाहरूमध्ये सुनसरीमा ३३, झापामा २७, मोरङमा २५, इलाममा २३ र भोजपुरमा २३, सङ्खुवासभामा २०, तेह्रथुममा १९, उदयपुरमा १८ र खोटाङमा १७ सेवा प्रदायक संस्था सूचीकृत छन्। ओखलढुङ्गामा १६, धनकुटामा १४ र पाँचथरमा १४, सोलुखुम्बुमा १० र ताप्लेजुङमा सबैभन्दा कम चार मात्र सूचीकृत गर्भपतन सेवा केन्द्र छन्।

जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी श्रेष्ठका अनुसार झापामा विगत तीन वर्षमा सूचीकृत संस्थाबाट १० हजार ४१ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। तीमध्ये २० वर्षमुनिका ६०६ किशोरी छन्।

विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुरक्षित गर्भपतनका लागि महिलाले शल्यक्रियाभन्दा औषधि सेवनको विधि रुचाएको देखिएको छ। 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ। यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ। यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ। १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ।

आव २०८०÷८१ देखि चालू आव २०८२÷८३ सम्ममा औषधि विधि प्रयोग गरेर छ हजार १६ जनाले सुरक्षित गर्भपतन गराएका छन्। सुरक्षित गर्भपतन गराउने कुल १० हजार ४१ जनामध्ये चार हजार २५ जनाले मात्र शल्यक्रिया विधि रोजेका थिए।

सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्ट रूपमा मुख्यतः महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न सकिएको छैन। असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन। सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरूको मृत्यु रोकिएको छैन। सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय÷स्वास्थ्य कार्यालयलाई रहेको छ। तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ।

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय पालिकालाई दिएको छ। तर अझै पनि अधिकांश स्थानीय पालिकाले यो अधिकारलाई जनशक्तिको अभाव देखाउँदै प्रयोग गर्न पन्छिदै आएका छन्।

सुरक्षित गर्भपतन अपराध होइन, प्रत्येक गर्भवती तथा किशोरीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न सकिएको छैन। असुरक्षित गर्भपतनका कारण मृत्युको घटना सरकारी अभिलेखमा छैन। तथापि सूचीकृत नभएका र निजी स्वास्थ्य संस्थाबाट असुरक्षित गर्भपतन गराउनेहरु जोखिममा पर्दै आएका छन्।

सुरक्षित गर्भपतन सेवा र कानुन निर्माणको सहजीकरणमा नेपाल परिवार नियोजन सङ्घको पैरवी अभियानको ऐतिहासिक योगदान छ। तत्कालीन प्रतिनिधिसभामा पहिलो पटक गैरसरकारी विधेयका रुपमा 'गर्भ संरक्षण विधेयक'को मस्यौदा प्रस्तुत गराउन सङ्घले नेतृत्व गरेको थियो। सङ्घका मेडिकल शाखा प्रबन्धक डा ओम महर्जनले भने'गर्भपतन सेवाले कानुनी मान्यता पाएपछि असुरक्षित गर्भपतनका कारण ज्यान गुमाउने जोखिम न्यून हुँदै गएको छ। तर अझै पनि असुरक्षित र गैरकानुनी गर्भपतन गराउनेहरुको संख्या उच्च देखिन्छ। यसलाई न्यून गर्न जरुरी छ। अझै पनि गर्भपतनलाई पूर्ण निअपराधिकरण गर्न सकिएको छैन।'

गर्भपतनलाई पूर्ण निअपराधिकरणलाई बनाउन कानुनलाई समावेशी र लैङ्गिक समावेशी बनाउन सङ्घ र प्रजनन स्वास्थ्य समूहद्वारा पैरवी जारी राखेका छन्। बलत्कार र हाडनाता, अपाङ्गता भएको अवस्थामा अझ पनि २८ हप्ता भन्दा वढीका गर्भहरुलाई निरन्तरता दिएर शिशु जन्माउनु पर्ने कानुनमा व्यवस्थाहरु अझै छन्। यसलाई संशोधन गर्न जरुरी छ।

हाल सङ्घले आफ्ना २०जिल्ला शाखा मार्फत सुरक्षित गर्भपतन सेवा र सेवा प्रदायकलाई क्षमता अभिवृद्धि तालिम, अपाङ्ग मैत्री सेवा केन्द्र, सेवा शुल्क तिर्न नसक्ने असहाय तथा विपन्न गरिवलाई निःशुल्क सेवा उपलब्ध गराउँदै आएको छ। यसका लागि निःशुल्क हेल्प लाइन नम्बर १६६०१४५००० सञ्चालन गरिरहेको छ।

सरकारी र आधिकारिक स्वास्थ्य संस्थामा जाँदा नाम लेखिने र व्यक्तिगत विवरण खोजिने डरले गोपनीयताका लागि धेरैजसो महिला सूचीकृत नभएका संस्था र योग्यता नपुगेका स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिन पुग्ने गरेको पाइएको नेपाल परिवार नियोजन सङ्घ झापा शाखाका प्रमुख कमल सुवेदी बताउनुहुन्छ।

'लाञ्छनाको त्रासले महिलाहरु गोप्य रुपमा असुरक्षित सेवा दिने ठाउँमा पुग्न सक्छन्,' उन भन्नुहुन्छ, 'लुकीछिपी गर्भपतन गराएर स्वास्थ्यमा समस्या भएमात्र पछि परामर्श लिन चाहनेहरु धेरै हुन्छन्, हामी उनीहरुको नाम, थर र ठेगाना गोप्य राखिदिन्छौं।'

सुरक्षित गर्भपतन सेवालाई सामान्य स्वास्थ्य सेवाका रूपमा मात्र नभई महिलाको मानव अधिकार र लैङ्गिक समानताको महत्वपूर्ण कडीका रूपमा बुझ्न आवश्यक छ। महिलाले सुरक्षित, सम्मानजनक र गोपनीय स्वास्थ्य सेवा पाउने वातावरण निर्माण गर्नु राज्यको पहिलो दायित्व हो। विद्यालय तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि, सामाजिक सोचमा सकारात्मक परिवर्तन र गुणस्तरीय परिवार योजनाको सेवाको पहुँच बढाएर कानुनी अधिकारलाई व्यावहारिक पहुँचमा रूपान्तरण गर्नु नै अहिलेको मुख्य आवश्यकता देखिएको छ।

# गणतन्त्र नेपाली जनताको सामूहिक सङ्घर्षबाट प्राप्त उपलब्धि होः



सुरेन्द्रराज पाण्डे, मुख्यमन्त्री, गण्डकी

नेपालले यही जेठ १५ गते गणतन्त्र दिवस मनाउँदैछ। यस अवसरमा सङ्घ तथा प्रदेश सरकारहरुले पनि विभिन्न कार्यक्रमको आयोजना गरिरहेका छन्। यसै सन्दर्भमा नेपालमा गणतान्त्रिक शासन व्यवस्था र गण्डकी प्रदेश सरकारले सम्पादन गर्दै आएका विभिन्न काम कारबाही आदिमा केन्द्रित रहेर राष्ट्रिय समाचार समिति (रासस) गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख वासुदेव पौडेल र समाचारदाता रामबहादुर थापाले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसँग गरे कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत छ।

**नेपालमा गणतन्त्र स्थापना भएपछि हालसम्ममा जनताले प्राप्त गरेका प्रमुख उपलब्धि के हुन्?**

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाली जनताले सबैभन्दा ठूलो उपलब्धिका रूपमा आफ्ना प्रतिनिधिमार्फत आफ्नै संविधान निर्माण गर्ने अवसर प्राप्त गरे। समावेशी लोकतन्त्र, सङ्घीय शासन व्यवस्था, मौलिक हक, अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक सहभागिता, महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा दूरदराजका नागरिकको राज्य संरचनामा पहुँच विस्तार हुनु गणतन्त्रका महत्वपूर्ण उपलब्धि हुन्।

पहिले राज्यको सेवा र निर्णय प्रक्रियाबाट टाढा रहेका नागरिक आज स्थानीय तह, प्रदेश र सङ्घीय संरचनामार्फत राज्यसँग प्रत्यक्ष जोडिएका छन्। विकास निर्माण, सडक, शिक्षा, स्वास्थ्य, सञ्चार तथा नागरिक अधिकारका क्षेत्रमा उल्लेखनीय विस्तार भएको छ। लोकतन्त्र र गणतन्त्रले नागरिकलाई अधिकार मात्रै दिएको छैन, राज्यलाई नागरिकप्रति जवाफदेही बनाउने आधार पनि निर्माण गरेको छ।

**सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई प्रभावकारी बनाउन गण्डकी प्रदेशबाट गरिएका असल अभ्यासहरू के के छन्?**

गण्डकी प्रदेश सरकारले सङ्घीयताको मर्मअनुसार नागरिकमैत्री, पारदर्शी र परिणाममुखी शासन सञ्चालन गर्ने प्रयास गरेको छ। प्रशासनिक पुनर्संरचना गरी ३२ वटा कार्यालयलाई 'मर्ज' गरेर १९ वटा एकीकृत कार्यालय स्थापना गर्नु तथा ३०४ भन्दा बढी दरबन्दी कटौती गरी मितव्ययिताको अभ्यास गर्नु देशमै उदाहरणीय काम हो।

प्रदेश सरकारले गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएको छ। अपाङ्गता भएका व्यक्ति, दलित समुदाय तथा हिंसापीडित नागरिकका लागि विशेष कानुनी तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिएका छन्।

'राइड सेयरिङ' नियमावली लागू गर्ने, स्वास्थ्य सेवाको विस्तार, विपद् व्यवस्थापन कोष स्थापना, स्थानीय तहसँग साझेदारीमा नवप्रवर्तन कार्यक्रम सञ्चालन तथा कानुनी संरचना निर्माणमार्फत गण्डकी प्रदेशले सङ्घीय शासन व्यवस्थालाई व्यवहारमा प्रभावकारी बनाउने प्रयास गरेको छ।

**सङ्घीयताको कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकार र सङ्घ सरकारबीच कसरी समन्वय भइरहेको छ? यसमा देखिएका चुनौतीहरू के के हुन्?**

सङ्घीय शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय अत्यन्त आवश्यक हुन्छ। गण्डकी प्रदेश सरकारले सङ्घ सरकार तथा स्थानीय तहसँग निरन्तर सहकार्य र समन्वय गर्दै काम गरिरहेको छ। तर संविधानले स्पष्ट रूपमा अधिकार क्षेत्र निर्धारण गरे पनि व्यवहारमा प्रशासनिक र वित्तीय सङ्घीयता पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। सङ्घ सरकारले निर्माण गर्नुपर्ने कानुन, हस्तान्तरण हुनुपर्ने अधिकार तथा कार्य विस्तृतीकरणका विषय समयमै टुङ्गो नलाग्दा प्रदेश सरकारलाई काम गर्न कठिनाइ भइरहेको छ।

उदाहरणका लागि, प्रदेश प्रहरी ऐन बने पनि प्रहरी समायोजन नहुँदा कार्यान्वयनमा समस्या छ। कतिपय अवस्थामा प्रदेशले बनाएका नीति तथा कार्यक्रम सङ्घीय कानुनसँग समन्वय नहुँदा अवरोध उत्पन्न हुने गरेको छ। त्यसैले सङ्घीयतालाई सफल बनाउन सङ्घ सरकारले प्रदेशप्रति विश्वास बढाउँदै अधिकार हस्तान्तरण र वित्तीय स्वायत्ततालाई थप मजबुत बनाउन आवश्यक छ।

**तपाईं नेतृत्वमा गण्डकी प्रदेशले प्राप्त गरेका महत्वपूर्ण उपलब्धि के–के छन्?**

हाम्रो नेतृत्वमा गण्डकी प्रदेश सरकारले सुशासन, मितव्ययिता, सेवा प्रवाह र विकासलाई प्राथमिकतामा राखेर काम गरेको छ। प्रशासनिक पुनर्संरचना गरी व्यापक रुपमा खर्च कटौती गरिएको छ भने विकास योजनालाई परिणाममुखी बनाउने प्रयास गरिएको छ। हामीले दुई वर्षअघिदेखि सुरु गरेका काम सङ्घ सरकारले अहिले गरिरहेको छ।

स्वास्थ्य क्षेत्रमा १३ वटा अस्पतालको स्तरोन्नति गरी शय्या सङ्ख्या तीन सयबाट ८०० सम्म विस्तार गरिएको छ। मिर्गाला रोगीका लागि निःशुल्क 'डायलासिस' सेवा विस्तार गरिएको छ भने विपन्न नागरिकका लागि स्वास्थ्य सहायता र बीमा कार्यक्रम सञ्चालन गरिएको छ। कृषि, पर्यटन, पूर्वाधार तथा विपद् व्यवस्थापनका क्षेत्रमा पनि महत्वपूर्ण काम भएका छन्। पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएको छ। विपद् व्यवस्थापन कोष स्थापना, स्थानीय तहसँग सहकार्यमा नवप्रवर्तन कार्यक्रम सञ्चालन तथा कानुनी संरचना निर्माणका काम गरिएको छ। युवा पलायन रोक्न र आयात प्रतिस्थापन गर्न सरकारले उत्पादनमुखी नीतिलाई प्राथमिकता दिएको छ। घरेलु मदिराको उत्पादन तथा ब्रान्डिङ गर्ने कानुन निर्माण गरी नियमावली अन्तिम चरणमा छ। औषधीय तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीसम्बन्धी विधेयक संसद्मा छलफलका क्रममा छ। आलु र चैते धान उत्पादनमा विशेष प्याकेजको सकारात्मक परिणाम देखिन थालेको छ। यातायात क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउँदै युवाहरुलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न देशमै पहिलो पटक गण्डकी प्रदेशबाट राइड सेयरिङ नियमावली जारी गरी अहिले कार्यान्वयनको चरणमा छ। प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर नागरिकले देख्ने र महसुस गर्न सक्ने गरी काम गरिरहेका छौँ।

**पोखरालाई पर्यटन राजधानी घोषणा गरिएपछि यहाँको पर्यटन प्रवद्र्धन र विकासका लागि कस्ता प्रयासहरू अघि बढाइएको छ?**

पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएपछि यसको अन्तरराष्ट्रिय पहिचान थप सुदृढ भएको छ। प्रदेश सरकारले पर्यटन पूर्वाधार, प्रचार–प्रसार, धार्मिक तथा साहसिक पर्यटन, ताल संरक्षण, पदमार्ग विकास तथा नयाँ पर्यटकीय गन्तव्यको प्रवद्र्धनमा जोड दिएको छ।

पर्यटन व्यवसायलाई चलायमान बनाउने, पर्यटकको बसाइ अवधि बढाउने तथा निजी क्षेत्रसँग सहकार्य गर्ने काम भइरहेको छ। पोखरालाई केन्द्र बनाएर मुस्ताङ, मनाङ, गोरखा, लमजुङ, बागलुङलगायत जिल्लाको पर्यटन प्रवद्र्धनमा पनि विशेष ध्यान दिइएको छ।

**सडक, स्वास्थ्य र शिक्षाको विकासमा गण्डकी प्रदेश सरकारले कस्ता उपलब्धि हासिल गरेको छ?**

गण्डकी प्रदेश सरकारले सडक, स्वास्थ्य र शिक्षालाई नागरिक जीवनसँग प्रत्यक्ष जोडिएको क्षेत्रका रूपमा प्राथमिकता दिएको छ। सडक पूर्वाधार विस्तार, पुल निर्माण, ग्रामीण सडक स्तरोन्नति तथा दुर्गम क्षेत्रको पहुँच सुधारमा काम भइरहेको छ। स्वास्थ्य क्षेत्रमा प्रदेश मातहतका अस्पतालहरूको स्तरोन्नति, विशेषज्ञ सेवा विस्तार, डायलासिस सेवा, विपन्न नागरिक स्वास्थ्य सहायता, गर्भवतीको हवाई उद्धारलगायत कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका छन्।

शिक्षा क्षेत्रमा प्राविधिक तथा सीपमूलक शिक्षामा जोड दिइएको छ। कर्मचारी क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन भइरहेका छन्। प्रदेश सरकारले शिक्षा, स्वास्थ्य र पूर्वाधारलाई दीर्घकालीन मानव विकाससँग जोडेर अघि बढाएको छ।

**प्रदेश सरकारलाई अझै पनि खर्चिलो संरचना भन्दै यसको आवश्यकता र औचित्यका सम्बन्धमा विभिन्न प्रश्न उठाउने गरिएको छ। यसमा यहाँको प्रतिक्रिया के छ?**

प्रदेश संरचनामाथि प्रश्न गर्नु सङ्घीयता कमजोर पार्ने प्रयत्न हो। प्रदेश संरचनाले जनताको नजिक रहेर सेवा प्रवाह गरिरहेको यथार्थलाई पनि बुझ्न आवश्यक छ। आज नागरिक आफ्ना गुनासा र माग लिएर सहज रूपमा प्रदेश सरकारसम्म पुग्न सकिरहेका छन्। गण्डकी प्रदेश सरकारले प्रशासनिक पुनर्संरचना, दरबन्दी कटौती तथा मितव्ययितामार्फत खर्च नियन्त्रण गर्ने प्रयास गरेको छ। प्रदेश सरकार खर्चिलो होइन, व्यवस्थापन र अधिकार कार्यान्वयनको सवाल महत्वपूर्ण हो।

संविधानले दिएको अधिकार पूर्ण रूपमा हस्तान्तरण नगरी प्रदेशमाथि प्रश्न उठाउनु उचित हुँदैन। प्रदेशलाई काम गर्ने वातावरण, कानुनी अधिकार र वित्तीय स्वायत्तता दिएर मूल्याङ्कन गर्नुपर्छ। हामीले सीमित स्रोत–साधनका बाबजुद जनताको नजिक रहेर काम गरिरहेका छौँ। अहिले पनि सङ्घ, प्रदेश र स्थानीय तहमध्ये प्रशासनिक खर्च पाँच प्रतिशतभित्र रहेको प्रदेश संरचना हो। हल्लाको पछि लाग्नुभन्दा तथ्य र तथ्याङ्कमा हेरौँ।

**फेवाताल किनाराका संरचना हटाउने विषय र पोखरामा स्तरीय बसपार्क बनाउने विषयलाई कसरी बढाउँदै हुनुहुन्छ?**

फेवाताल पोखराको पहिचान र गौरवसँग जोडिएको महत्वपूर्ण प्राकृतिक सम्पदा हो। सर्वोच्च अदालतको आदेशअनुसार फेवातालको ६५ मिटर मापदण्ड यकिन गरी पिल्लर गाड्ने काम सम्पन्न भएको छ। अब मुआब्जा वितरण, पुनःस्थापना तथा अतिक्रमित संरचना व्यवस्थापनका विषयमा सङ्घ सरकारसँग समन्वय भइरहेको छ। स्थानीय नागरिकको सम्मान, उचित व्यवस्थापन तथा दीर्घकालीन समाधानलाई ध्यानमा राखेर अघि बढिरहेका छौँ। त्यसैगरी, पोखरामा व्यवस्थित र स्तरीय बसपार्क निर्माणका लागि पनि प्रदेश सरकारले सम्बन्धित निकायसँग समन्वय गर्दै काम गरिरहेको छ। बढ्दो शहरीकरण र पर्यटन गतिविधिलाई व्यवस्थित गर्न आधुनिक यातायात पूर्वाधार आवश्यक भएकाले यसलाई प्राथमिकतामा राखिएको छ।

**प्राकृतिक विपद् र जलवायु परिवर्तनको असर गण्डकीमा बढ्दो छ, यसको न्यूनीकरणका लागि के कस्तो तयारी गरिएको छ?**

गण्डकी प्रदेश प्राकृतिक रूपमा सुन्दर भए पनि विपद्को उच्च जोखिममा रहेको प्रदेश हो। मनसुनजन्य बाढी, पहिरो, हिमपहिरो तथा जलवायु परिवर्तनका असरलाई ध्यानमा राखेर प्रदेश सरकारले पूर्वतयारी, राहत तथा उद्धारलाई प्राथमिकतामा राखेको छ। एघार वटै जिल्लाको विपद् व्यवस्थापन कोषमा १०÷१० लाख रुपैयाँ उपलब्ध गराइएको छ भने प्रदेशस्तरमा १० करोड रुपैयाँभन्दा कम नहुने गरी विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको छ। पूर्वसूचना प्रणाली, कृत्रिम अभ्यास, जनचेतना कार्यक्रम, जोखिम क्षेत्र पहिचान तथा पुनःनिर्माण कार्यक्रमलाई प्रभावकारी बनाइएको छ। जलवायु अनुकूल कृषि, वन संरक्षण तथा प्राकृतिक स्रोतको दिगो उपयोगलाई पनि प्राथमिकता दिइएको छ।

**अन्त्यमा गणतन्त्र दिवसका अवसरमा गण्डकीवासीलाई यहाँको सन्देश के छ?**

गणतन्त्र दिवस २०८३ को अवसरमा सम्पूर्ण गण्डकी प्रदेशवासी तथा स्वदेश–विदेशमा रहनुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हाम्रो सामूहिक सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि हो। यसको विकल्प भनेको यसको सुधार, सुदृढीकरण र प्रभावकारी कार्यान्वयन हो।

नकारात्मकता र निराशाभन्दा माथि उठेर सकारात्मक सोच, सहकार्य र आत्मविश्वासका साथ अघि बढ्न सके मुलुकका चुनौतीहरू समाधान गर्न सकिन्छ। गण्डकी प्रदेश सरकार 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी' को सङ्कल्प पूरा गर्न निरन्तर प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

# प्रतिनिधिसभाः जनजीवनका समस्याबारे ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको बैठको आकस्मिक समयमा सांसदहरूले जनजीवनका सवाल र बेमौसमी वर्षाका कारण उत्पन्न समस्याबारे सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकमा सांसद साजिदा खातुन सिद्धिकीले 'डायलाइसिस' गर्ने मेसिन देशका सबै अस्पतालमा उपलब्ध गराउन माग गरे ।

सांसद खड्गबहादुर शाहीले मुगुमा यार्सागुम्बा सङ्कलनका क्रममा यही जेठ १० गते टाँकेखोलामा लेक लागेर पेमा लामाको निधन भएको र अहिलेसम्म लास उठाउन नसकिएको समस्या राखे ।

सांसद जनकसिंह धामीले कञ्चनपुरको शुक्लाफाँटा क्षेत्रमा वीरेन्द्र ठगुन्ना र उनको परिवार बाघको आक्रमणबाट घाइते भएको विषयमा ध्यानाकर्षण गराउँदै वन्यजन्तुको आक्रमणबाट हुने यस किसिमको क्षति नियन्त्रण गर्न माग गरे ।

सांसद अनुष्का श्रेष्ठले ट्राफिक व्यवस्थापनमा सुधार देखिए पनि अझ व्यवस्थित गर्न अनुरोध गरे ।

सांसद हरिमोहन भण्डारीले बैतडीमा असिनाबाट कृषिबालीमा क्षति भएको जनाउँदै भीषण वर्षापछिको बाढी, पहिराबाट हुने मानवीय क्षति हुन नदिन बस्ती सार्ने वा पहिरो नियन्त्रण गर्ने कार्यक्रम ल्याउन अनुरोध गरे ।

सांसद श्रीराम न्यौपानेले बाँदरका कारण पीडित भएका किसानलाई राहत दिन र देशभर बढिरहेको बाँदरको समस्या समाधान गर्न आग्रह गरे ।

सांसद निष्कल राईले कामको सिलसिलामा विदेशमा रहेका नेपालीले दुःख व्यहोर्नुपरेको उल्लेख गर्दै क्रोयसियामा सडक दुर्घटनामा निधन भएका नेपालीको शव स्वदेश ल्याउन समस्या भएकाले त्यसतर्फ ध्यान दिन अनुरोध गरे ।

सांसद रमेशकुमार सापकोटा हावाहुरीका कारण कर्णालीका विभिन्न जिल्लामा बिजुली अवरुद्ध भएको अवगत गराउनुभयो ।

सांसद ऐनबहादुर महरले सिंहदरबारभित्रको संसद् भवनलाई हतारमा नभई सही र व्यवस्थित ढङ्गबाट सञ्चालन गर्नुपर्ने बताए । रासस

# हिमाली वातावरणको संरक्षण आजको आवश्यकता होः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले दिगो हिमाली पर्यटन, जिम्मेवार पर्वतारोहण तथा हिमाली वातावरणको संरक्षण आजको आवश्यकता भएको बताएका छन् ।

राष्ट्रपति पौडेलले विश्वका विभिन्न मुलुकबाट आएका सगरमाथा आरोहीको सम्मानमा आज यहाँ आयोजना गरिएको 'सगरमाथा समिटर्स समिट–२०२६' लाई सम्बोधन गर्दै हिमाली वातावरणको संरक्षण आजको आवश्यकता भएको बताउनुभएको हो ।

'सगरमाथा केबल नेपालको भौगोलिक पहिचान मात्र नभएर यो सिङ्गो देशको प्रतिष्ठा, गौरव र विश्वकै अमूल्य प्राकृतिक सम्पदा हो, यी सम्पदाको संरक्षण, सम्वद्र्धन, प्रचारप्रसार र सन्तुलित उपयोगबाट नेपालको पर्यटन क्षेत्रमार्फत हाम्रो अर्थतन्त्रमा टेवा पुगेको छ,' उनले भने ।

राष्ट्रपति पौडेलले विश्वव्यापी तापमान वृद्धि, जलवायु परिवर्तनका असर र पर्वतारोहण क्षेत्रमा फोहर थुप्रिनेजस्ता समस्या अहिले चुनौती बनेको बताए ।

'यी समस्याको समाधान गरी सगरमाथा क्षेत्रको पर्यावरण तथा जैविक विविधता संरक्षण गर्दै पर्वतारोहणलाई सुरक्षित एवं दिगो र प्रविधिमैत्री बनाउन थप प्रयास र सहकार्य आजको आवश्यकता हो,' राष्ट्रपति पौडेलले भने ।

हिमाल र हिमाली पर्यावरणको संरक्षणका लागि अन्तरराष्ट्रिय सहकार्य, संवाद तथा सचेतना अभिवृद्धिमा विश्वभरिका सगरमाथा आरोहीलाई एकैठाउँमा भेला गराएर विशेषतः सगरमाथासहित हिमाली क्षेत्रको बहुआयामिक पक्षबारे सार्थक छलफल हुने यो सम्मेलनको विशेष महत्व रहेको धारणा उनले व्यक्त गरे ।

'आरोहणका क्रमका भोगाइ र अनुभवबाट प्राप्त गरेको ज्ञान नेपाल र नेपालीको मात्र नभएर विश्वकै गौरव, शान र पहिचानका रुपमा रहेको सगरमाथालाई यसको प्राकृतिकस्वरुपमा जीवन्त राख्न पनि यस सम्मेलनले विशेष ध्यान दिने मैले विश्वास लिएको छु,' राष्ट्रपति पौडेलले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपालको पर्यटन प्रवद्र्धनमा 'सगरमाथा समिटर्स समिट–२०२६' फलदायी हुने विश्वास व्यक्त गरे । उनले जलवायु परिवर्तनको असर सगरमाथा र नेपालका हिमालमा पर्दै गएको भन्दै चिन्ता व्यक्त गरे । रासस

# स्वास्थ्यमन्त्री मेहताको भुटानी समकक्षीसँग भेटवार्ता



**काठमाडौँ ।**
भुटानका स्वास्थ्यमन्त्री लियोन्पो तान्डिन वाङचुकबीच जेठः स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता र भेटवार्ता भएको छ । स्वीट्जरल्याण्ड जेनेभामा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को ७९औँ विश्व स्वास्थ्यसभामा मङ्गलबार उनहरुबीच भेटवार्ता भएको मन्त्रालय सहप्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिए ।

भेटवार्तामा उनहरुबीच दुवै राष्ट्रले एकैखाले साझा स्वास्थ्य चुनौतीको सामाना गरिरहेकाले त्यसलाई समाधान गर्न पारस्परिक सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको थियो ।

भेटका क्रममा स्वास्थ्य क्षेत्रमा लचिलो, समावेशी र जनमुखी स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्ने विषयमा पनि उनहरुबीच छलफल भएको डा. अधिकारीले बताए ।

सो क्रममा उनहरुबीच दुई देशबीचको स्वास्थ्य प्रणालीलाई थप सुदृढ बनाउन सहकार्य गर्ने विषयमा समझदारी भएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिए ।

यसअघि मन्त्री मेहताले सभामा भारतीय र चिनियाँ समकक्षीसँग द्विपक्षीय भेटवार्ता गरेका । रासस

# यसवर्ष मलको अभाव हुन नदिन सांसदद्वारा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदले यसवर्ष किसानलाई मलको अभाव हुन नदिन समयमै व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा 'रासायनिक मलको सहज एवं सुलभ आपूर्ति, मौज्दातको वर्तमान अवस्था र वितरण प्रणाली' बारे भएको छलफलमा उनहरुले विगतका वर्षमा जस्तै यस वर्ष कुनै बहानामा किसानलाई मलको अभाव हुन नहुने जनाउँदै समयमा प्रक्रिया अगाडि बढाउनुपर्ने धारणा राखेका हुन् ।

सांसद ज्ञानेन्द्र सिंह महताले प्रत्येक वर्ष सरकार वा सम्बन्धित निकायले मल अभावको समस्या मात्रै देखाउनेभन्दा पनि ठोस समस्या पहिचान गरी समाधानको विकल्प अपनाउनुपर्ने बताए ।

सांसद वशुमाया तामाङले नेपाल कृषि प्रधान देश भए पनि मलको निम्ति सधैँभरि विदेशीसँग भर पर्नुको सट्टा मल अभावको दीर्घकालीन समाधानका निम्ति देशभित्रैको अग्र्यानिक मल उत्पादनलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ भनिन् ।

सांसद सन्तोष सुब्बाले अहिले पनि मलमा लगानी र व्यवस्थापनमा प्रश्न उडिरहेको उल्लेख गर्दै रासायनिक मलको विकल्पमा लाग्नुपर्ने बताए ।

सांसद केपी खनालले भने, 'यो वर्ष मलको अभाव हुनु हुँदैन, हरेक वर्ष बजेट भएन भन्ने ? कहिले के कहिले के भनेर किसानलाई दुःख दिनु हुँदैन, मल खरिदका निम्ति बजेट अभाव हो भने कृषि सामग्री कम्पनी लिमिटेडले सम्बन्धित कृषि मन्त्रालयलाई समयमै भन्नुप¥यो र यो समस्या समयमै समाधान गर्नुप¥यो ।' समितिका सदस्य लक्ष्मीप्रसाद पोखरेल, राजीव खत्री, पुनमकुमारी अग्रवाल, सुजाता तामाङ, सागर ढकाल र प्रेमबहादुर बयकले यो वर्ष मलको अभाव हुन नहुनेमा जोड दिए ।

समितिका सभापति अशोककुमार चौधरीले असार १५ मा किसानले पर्याप्त मल पाउने गरी तत्काल आवश्यक मल खरिद प्रक्रिया अगाडि बढाउन कृषि सामग्री कम्पनी लिमिटेडलाई निर्देशन दिए । कृषि सामग्री कम्पनी लिमिटेडले भने देशमा हुने मलखादको मागबमोजिम अनुदान बजेट एवम् वार्षिक खरिद परिमाण नतोकिँदा किसानको मागबमोजिम मल उपलब्ध गराउन नसकिएको जनाएको छ । लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले अन्तरराष्ट्रिय बजारमा रासायनिक मलको मूल्य साप्ताहिक रुपमा परिवर्तन भइरहने तर सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको प्रावधानबमोजिम मल खरिद प्रक्रियामा धेरै समय (करिब २२१ दिन) लाग्ने भएकाले समयमै मल आपूर्ति गर्न कठिनाइ भएको समितिसमक्ष जानकारी गराए ।

रासायनिक मलखाद बफर स्टकका रुपमा भण्डारण गर्नका लागि गोदाम भण्डारण क्षमता वृद्धि गर्नुपर्ने भएको तर गोदाम निर्माणका लागि कम्पनीसँग बजेटको अभाव रहेको, कम्पनीको बीउ प्रशोधन कारखानाहरु पुराना जीर्ण भई प्रभावकारी रुपमा बीउ प्रशोधन गर्न कठिनाइ हुनु र नयाँ कारखाना स्थापना गर्न बजेटको अभाव रहेको कम्पनीको भनाइ छ । उनले अनुदान बजेटमा वृद्धि गरी आपूर्ति परिमाण कम्तीमा ६ लाख मट्रिक टन हुनुपर्ने पनि बताए । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले मन्त्रालयलले आफूसँग भएका सबै विकल्प अपनाएर भए पनि क्षमताले भ्याएसम्म यो वर्ष किसानलाई मलको अभाव हुन नदिने प्रतिबद्धता वयक्त गरे । रासस

# मानव अधिकार प्रवर्द्धनमा आयोगको भूमिकाको प्रशंसनीयः सभामुख




**ललितपुर ।**
प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले मानव अधिकारको रक्षा गर्न सामूहिक प्रयत्नको खाँचो औँल्याएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको २६औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले मानव अधिकार संरक्षण र प्रवद्र्धनमा आयोगले खेलेको भूमिकाको प्रशंसनीय रहेको छ भने ।

सभामुख अर्यालले भनेले भने, 'मानव अधिकारप्रति राष्ट्रिय तथा अन्तरराष्ट्रिय दायित्व पूरा गर्नका लागि आयोगले स्थापनाकालदेखि नै उच्चस्तरको कार्यसम्पादन गर्दै आएको छ, मानव अधिकारको रक्षालाई प्राथमिकतामा राखेर काम गर्नका लागि नीतिगत व्यवस्था गर्न सार्वभौम सत्ता सम्पन्न संसद् र त्यसको कार्यान्वयन गर्न नेपाल सरकारलाई पुर्याउँदै आएको भूमिकाको उच्चसम्मान गर्न चाहान्छु ।

विश्वव्यापी रुपमा मानव अधिकारको रक्षा र प्रवद्र्धनका निम्ति नेपालले निर्वाह गर्दै आएको भूमिकालाई मूल्याङ्कन गर्दै नेपालले जनाएको सामाजिक आर्थिक रुपान्तरणको सहयोग र समन्वयलाई अन्तरराष्ट्रिय तथा राष्ट्रिय मञ्चमा हाम्रो उपस्थिति र प्रतिनिधित्वले प्रष्ट पारेको छ ।'

उनले नेपालले अल्पविकसित र तथा भू–परिवेष्ठित मुलुकबीचको साझेदारी र समृद्धिका पक्षमा विगतदेखि नै आफ्नो आवाज उठाइरहेको तथा सिमान्तकृत र जोखिममा रहेका समुदायका पक्षमा मानव अधिकार प्रवद्र्धनमा लागिरहेको जानकारी दिए ।

'आयोगले गरेको उच्चस्तरको कार्यसम्पादनले नेपाललाई मानव अधिकारका क्षेत्रमा अन्तरराष्ट्रियस्तरमा 'क' श्रेणीमा कायम राख्न सफल भएकाले अन्तरराष्ट्रिय मञ्चमा उपस्थित हुन नेपालाई सहज हुने गरेको छ, अन्तरराष्ट्रियस्तरमा नेपालको ख्याति बढेको छ,' सभामुख अर्यालले भने ।

उनले प्रतिनिधिसभामा मानव अधिकार संरक्षण र प्रवद्र्धनका विषयलाई प्राथमिकतामा राखेर कानुन निर्माण गर्ने कार्यलाई अगाडि बढाउने कुरामा प्रतिबद्धता जनाउँदै पेरिस सिद्धान्तअनुरुप स्थापित राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वयत्ततालाई कतैबाट आँच आउन नदिन सबै सदैव प्रतिबद्ध रहनुपर्छ भन्नेमा जोड दिए ।

उनले संसद् र मानव अधिकार संस्थाबीचको परस्पर समन्वयका आधारमा कानुन निर्माणमा ध्यान दिने कुरामा प्रतिबद्ध रहेको बताउँदै मानव बेचबिखनको विषय सम्बोधनका लागि मानव अधिकार आयोग र नागरिक समाजले खेलेको भूमिकाको प्रशंसा गरे ।

नागरिक र राजनीतिक अधिकारको संरक्षणका लागि सरकार र सुरक्षा निकाय सक्रिय रहेको बताउँदै मानव अधिकारको संरक्षण र अपराधमुक्त समाज निर्माणका लागि सबैको सहयोग आवश्यक रहेकामा जोड दिए ।

कार्यक्रममा नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडपी) का उपआवासीय प्रतिनिधि जुलियन चेभिलार्ड, गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष अर्जुन भट्टराई र आयोगका सदस्य सदस्य लिली थापाले आ–आफ्नो धारणा राखेका थिए । रासस

# चिया निर्यात सहज हुँदैछः उद्योगमन्त्री

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले भारतमा चिया निर्यातमा हुँदै आएको समस्या सहजीकरणतर्फ अघि बढेको बताएकी छन् ।

प्रतिनिधिसभा बैठकको शून्य, आकस्मिक र विशेष समयमा सांसदहरूले मन्त्रालयसँग सम्बन्धित विषयमा उठाएका विषयमा आजको बैठकमा जवाफ दिँदै उनले वार्षिक दुई करोड ६१ लाख किलो चिया उत्पादन हुने गरेकामा पछिल्लो समय निर्यातमा आएको समस्या सहजीकरणको प्रयास गरी समाधानतर्फ गएको बताइन् । चिया निर्यातको ८० देखि ९० प्रतिशत भारतमा हुने गरेको पनि उनले जानकारी दिइन् । उनका अनुसार चिया निर्यातको सहजीकरणका लागि मन्त्रालयबाट गत चैत ३० गते नै पत्राचार गरिएको छ । यससम्बन्धी समस्या र समाधानका लागि भइरहेको प्रयासका विषयमा चिया विकास बोर्डसँग वैशाख २८ गते छलफल भएको थियो । अर्थाेडक्स चिया भने भारतमा मात्र निर्यात हुने गरेको छ ।

यसैगरी नयाँदिल्लीस्थित नेपाली राजदूतावासबाट भारतका सम्बन्धित मन्त्रालयसँग छलफल भएको जानकारी पनि मन्त्री गौरी कुमारीले दिइन् । नेपालबाट भारत हुँदै अन्य मुलुकमा चिया निर्यातका लागि पनि सहजीकरणको प्रयास भइरहेको छ । उपभोग्य वस्तुको अधिकतम् खुद्रा मूल्य कायम गराउन भन्सार विभागलाई जिम्मा दिइएको पनि उनले सुनाइन् । उपभोग्य वस्तुका गुणस्तरको अनुगमन भने उपभोक्ता विभागले गर्दै आएको छ ।

सर्वोच्च अदालतको आदेशअनुसार लुम्बिनी क्षेत्रका उद्योग स्थानान्तरण गर्ने विषयमा काम अघि बढेको जानकारी पनि उनले गराइन् । विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीको पर्खालबाट १५ किमीसम्मका उद्योग स्थानान्तरण गर्न सर्वोच्चले फैसला गरेको थियो । रासस



**सूर्योदय हेर्न आएका भारतीय तथा अन्य विदेशी मूलका पर्यटकः** पोखराको सराङकोट डाँडाबाट बुधबार सूर्योदय हेर्न आएका भारतीय तथा अन्य विदेशी मूलका पर्यटकहरू । तस्बिरः प्रदीपराज वन्त÷रासस

# मुस्ताङका किसानलाई अनुदानमा हाते ट्याक्टर

**मुस्ताङ ।**
यहाँका पाँच स्थानीय तहका किसानलाई अनुदान सहुलियतमा खेतबारी जोत्ने कृषि यान्त्रिक उपकरण हाते ट्याक्टर (मिनी ट्रेलर) हस्तान्तरण गरिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीरकण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङले यहाँका किसानलाई ५० प्रतिशत अनुदान सहुलियतमा हाते ट्याक्टरसहित नौ प्रकारका कृषि यान्त्रिक उपकरण हस्तान्तरण गरेको हो ।

एकाइले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत ‘जोन सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकीकरण सहयोग कार्यक्रमअन्तर्गत यहाँका किसानकोमा माग संख्याका आधारमा कृषि यान्त्रिक उपकरण प्रविधि हस्तान्तरण गरेको हो । कार्यक्रम कार्यान्वयन एकाइ मुस्ताङका



प्रमुख भरत गौतमका अनुसार स्याउ र आलु जोनमा सूचीकृत किसानलाई कृषि यान्त्रिक उपकरण हस्तान्तरण गरिएको हो ।

पाँच स्थानीय तहका स्याउ र आलु जोनमा सूचीकृत ५७ जना किसानलाई उनीहरुको मागमा आधारित कृषि यान्त्रिक उपकरण ५० प्रतिशत अनुदान सहुलियत मङ्गलबारदेखि हस्तान्तरण गरिन थालिएको उनको भनाइ छ । कार्यालयअनुसार चालु आवमा एकाइबाट १९ लाख र लाभग्राही किसानबाट १९ लाख गरी ३८ लाख बढीको यान्त्रिक कृषि उपकरण हस्तान्तरण भएको हो ।

एकाइले स्याउ र आलु जोनमा सूचीकृत किसानलाई एक लाख २० हजार मुल्य पर्ने डिजेलवाला हाते ट्याक्टर १२ थान, ८० हजार मूल्य पर्ने पेट्रोलवाला हाते ट्याक्टर १७ थान र सानो खालको पेट्रोलवाला हाते ट्याक्टर दुई थान गरी ३१ थान हाते ट्याक्टर हस्तान्तरण गरेको हो । रासस

# ३४ बचतकर्ताको बचत रकम फिर्ता

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका, सहकारी विभागको रोहवरमा बुद्ध दर्शन सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको छ ।

कामपा–६ मा सञ्चालित सहकारी संस्थाले एक लाख ५० हजार रुपैयाँसम्म बचत गर्ने ७० बचतदाता सदस्यलाई बचत रकम फिर्ता गरेको सहकारी विभागले जानकारी दिएको छ ।

सहकारीले आगामी १ महिनाभित्र पाँच लाख रुपैयाँसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको छ । सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको छ । विभागका प्रमुख ध्रुवकुमार काप्ले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्छन्, ‘माग दाबीसहितको निवेदन लिन्छौँ । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं । संस्थाको सञ्चालक समितिको निर्णय अनुरोधअनुसार ऋणीलाई एसएमएस, रजिष्ट्री पत्र र सार्वजनिक सूचनाबाट ऋण चुक्ता गर्न सन्देश र अनुरोध पठाउँछौँ ।’

वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्छ । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका सिफारिस गरिन्छ । ऋणीले ऋण भुक्तानी नगरे कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस पठाइन्छ । यस प्रक्रियाबाट एकमुष्ट वा किस्तामा बचत रकम र ऋण फिर्ता हुने गरेको छ । संस्था बन्द गरेकाको हकमा सम्पर्कमा नआउनेका हकमा एसएमएस र पत्रमार्फत सूचना दिने तथा कारबाहीका लागि पठाउने गरिएको छ । रासस

# नेप्से चार दशमलव ९९ अङ्कले बढ्यो



**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झण्डै पाँच अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव ९९ अङ्कले बढेर दुई हजार ७८२ दशमलव १० मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २१ अङ्कले उकालो लागेर ४७५ दशमलव ५१ मा पुगेको छ ।

कारोबार भएकामध्ये १५१ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने १०५ कम्पनीको शेयर मूल्य घटेको छ । यस्तै, १४ कम्पनीको भने कुनै परिवर्तन भएको छैन ।

नेप्सेका अनुसार, कूल ३५४ कम्पनीको एक करोड ५२ लाख ४९ हजार ७१२ कित्ता शेयर रु छ अर्ब तीन करोड ६४ हजार ८४० मूल्यमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर कम्पनी, अपि पावर कम्पनी र ङ्यादी ग्रुप पावर शीर्ष स्थानमा छन् ।

यस्तै, कालीञ्चोक हाइड्रोपावर, बुङ्गल हाइड्रो, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, आँखु खोला जलविद्युत् कम्पनी र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडका लगानीकर्ताले कमाएका छन् ।

त्यस्तै, सानिमा डिवेञ्चर, मञ्जुश्री फाइनान्स लिमिटेड, माछापुच्छे« बैंकको डिवेञ्चर, सिर्जनशिल लघुवित्त र प्राइम डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् । रासस

# उद्योग दर्ता १२ प्रतिशतले बढ्यो

**काठमाडौँ ।**
मुलुकमा औद्योगिक तथा लगानीमैत्री वातावरण अभिवृद्धि हुँदै गएपछि उद्योग दर्ता करिब १२ प्रतिशतले बृद्धि भएको छ ।

विसं २०८१ फागुनसम्म नौ हजार ९६३ उद्योग दर्ता भएकामा २०८२ को सोही अवधिमा ११ हजार १४० वटा उद्योग दर्ता भएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२\८३ को आर्थिक सर्वेक्षणअनुसार ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १३.९, २०.० र ६६.१ प्रतिशत रहेको छ ।

विसं २०८२ असारसम्म उद्योग विभागमा दर्ता भएको उद्योगको स्वीकृत लगानी ३३ खर्ब ३७ अर्ब ८० करोड रुपैयाँ रहेकामा चालु आवको फागुनसम्म तीन खर्ब ८९ अर्ब ७४ करोड रुपैयाँ थप लगानी स्वीकृत भएको छ । सो अवधिसम्म ३७ खर्ब २७ अर्ब ५४ करोड रुपैयाँ उद्योगका लागि लगानी स्वीकृत भएको छ । चालु आवको फागुन मसान्तसम्म ९२१ नयाँ उद्योग दर्ता भएका छन् । यस्ता उद्योगको सञ्चालनबाट ३९ हजार ५४६ रोजगारी सिर्जना हुने अनुमान गरिएको छ ।

गत आवको सोही अवधिमा ४३८ उद्योगको एक खर्ब ७१ अर्ब ३६ करोड रुपैयाँ लगानी स्वीकृत भई २३ हजार ६४ प्रत्यक्ष रोजगारी सिर्जना हुने अनुमान थियो ।

गत फागुनसम्म दर्ता भएका उद्योगको संख्याका आधारमा सबैभन्दा बढी हिस्सा उत्पादनमुलक उद्योगको रहेको छ । ३३ दशमलव ३ प्रतिशत उत्पादनमुलक उद्योग दर्ता हुँदा सबैभन्दा कम ० दशमलव ७ प्रतिशत पूर्वाधार क्षेत्रका उद्योग रहेका छन् ।

दर्ता भएको उद्योगमध्ये सेवामूलक उद्योग २३.९ प्रतिशत, पर्यटन उद्योग २३.५ र अन्य उद्योगको हिस्सा १९.३ रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ । गत फागुनसम्म तीन हजार ७१५ उत्पादनमुलक, दुई हजार ६५८ सेवामूलक, दुई हजार ६१३ पर्यटन, ६२७ ऊर्जामुलक, ५८१ कृषि तथा वन पैदावरमा आधारित, ७७० सूचना प्रविधिमा अधारित, ९९ खरिज र ७७ उद्योग पूर्वाधार क्षेत्रका उद्योग दर्ता भएका छन् ।

चालु आवको फागुन मसान्तसम्म ऊर्जामूलक उद्योगमा सबैभन्दा बढी ५५.१ प्रतिशत लगानी स्वीकृत भएको छ । उत्पादनमूलक उद्योगमा यस्तो स्वीकृति १९.५ प्रतिशत छ भने सबैभन्दा कम खनिज उद्योगमा ०.३ प्रतिशत मात्रै रहेको छ । रासस

# ट्रम्पको इरान वार्ता प्रयास



**अमेरिका ।**
इरानसँगको युद्ध अन्त्य गर्ने उद्देश्यले सम्भावित सम्झौताका लागि राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार आफ्नो मन्त्रिपरिषद् बैठक बोलाउने भएका छन् । प्रशासन र तेहरानबीच ‘धेरै हदसम्म वार्ता’ भइसकेको भए पनि प्रक्रिया अझै अस्थिर अवस्थामा रहेको केही दिनअघि नै अमेरिकी पक्षले सङ्केत दिएको सन्दर्भमा यो उच्चस्तरीय छलफल हुन लागेको हो ।

राष्ट्रपति ट्रम्पले आफ्ना प्रमुख सहयोगीहरूसँगको
छलफलमार्फत एक यस्तो सम्झौतामा पुग्न सकिने विश्वास व्यक्त गरिरहेका छन् । जसले हर्मुज जलघाँटी पुनः सञ्चालनमा ल्याउने र इरानको आणविक क्षमता उल्लेखनीय रूपमा घटिसकेको दाबी गर्दै राजनीतिक रूपमा विवादास्पद मानिएको युद्ध अन्त्य गर्ने आधार दिने अपेक्षा गरिएको छ । तर यस्तै सम्झौताले असन्तुष्टिको नयाँ चरण निम्त्याउन सक्ने जोखिम पनि देखिएको छ ।

उदीयमान समझदारीले धेरै संवेदनशील विषयहरूलाई पछि थप वार्ताका लागि छोड्ने सम्भावना रहेको बताइएको छ । यसले राष्ट्रपति ट्रम्पमाथि मात्र नभई, उनका केही रिपब्लिकन समर्थकहरूबाट समेत आलोचना बढाएको छ । इरानलाई धेरै सहज हुने किसिमको सम्झौता हुन सक्ने भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन्, जसले सम्झौतालाई राजनीतिक रूपमा विवादित बनाएको छ ।

अमेरिकी प्रशासनले सोमबार दक्षिणी इरानमा मिसाइल प्रक्षेपण स्थल र माइन राख्ने डुङ्गाहरूलाई लक्षित गर्दै ‘रक्षात्मक’ आक्रमण गरेको जनाएको छ । अमेरिकी पक्षले यो कदम युद्धविरामको सन्दर्भमा संयमित प्रतिक्रिया भएको दाबी गरे पनि इरानले यसलाई ‘खराब नियत र अविश्वसनीयता’ को सङ्केतका रूपमा कडा शब्दमा आलोचना गरेको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले मङ्गलबार इरानसँगको वार्ता अझ केही दिन चल्ने बताए । उनका अनुसार हर्मुज जलघाँटी पुनः खोल्ने र युद्धविराम विस्तार गर्ने विषयमा छलफल जारी छ, जसलाई प्रशासनले आणविक सम्झौताका प्राविधिक पक्ष टुङ्ग्याउने अवसरका रूपमा लिएको छ । उनले ‘या त राम्रो सम्झौता हुनेछ वा कुनै सम्झौता हुनेछैन’ भन्ने धारणा व्यक्त गरे ।

यसैबीच, राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमार्फत इरानले द्वन्द्वलाई ‘उत्कृष्ट र शानदार विजय’ का रूपमा प्रस्तुत गर्न खोजेको भन्दै असन्तोष व्यक्त गरेका छन् । सम्झौताअन्तर्गत प्रतिबन्ध राहतको बदलामा इरानले अत्यधिक समृद्ध युरेनियम भण्डार त्याग्ने प्रारम्भिक सहमति देखिएको छ, यद्यपि यसबारे औपचारिक घोषणा भएको छैन ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानसँग करिब ४४०.९ किलोग्राम युरेनियम रहेको छ, जुन ६० प्रतिशतसम्म समृद्ध गरिएको छ र हतियार–ग्रेड ९० प्रतिशतको नजिक रहेको प्राविधिक स्तरमा पर्छ । इरानले भने यस भण्डार त्याग्ने सार्वजनिक प्रतिबद्धता जनाएको छैन ।

सम्भावित योजनाअनुसार केही युरेनियमको समृद्धताको स्तर घटाइने र बाँकी तेस्रो देशमा हस्तान्तरण वा नष्ट गरिने विकल्पमाथि छलफल भइरहेको बताइएको छ । ट्रम्पले सोमबार सामाजिक सञ्जालमा पोस्ट गर्दै उक्त प्रक्रिया अमेरिकी आणविक आयोग वा समकक्ष संस्थाको निगरानीमा सम्पन्न हुनुपर्ने धारणा राखे ।

तर सम्झौताका धेरै पक्ष अझै अस्पष्ट छन् । विशेषगरी लेबनानमा इरान समर्थित हिज्बुल्लाहविरुद्ध इजरायलको सैन्य गतिविधि पनि युद्धविरामको दायरामा पर्छ कि पर्दैन भन्ने विषय अझै टुङ्गिएको छैन । इरानले लेबनानलाई पनि कुनै सम्भावित युद्धविराम संरचनामा समावेश गर्नुपर्ने माग राखेको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायली सेनाले लेबनानमा आफ्नो सैन्य गतिविधि विस्तार गरिरहेको घोषणा गरेका छन् । इजरायली रक्षा विश्लेषकहरूले इरानले प्रतिबन्ध राहत पाएपछि आफ्ना सैन्य संरचना पुनः निर्माण गर्ने र प्रोक्सी समूहहरूलाई बलियो बनाउने जोखिम रहेको चेतावनी दिएका छन् ।

यसैबीच, ट्रम्प प्रशासनले इरानसँगको सम्भावित सम्झौतामा साउदी अरेबिया, कतार र पाकिस्तानलगायत देशहरूलाई अब्राहम सम्झौतामा सहभागी गराउने प्रस्ताव पनि अघि सारेको छ । तर मध्यपूर्वका केही शक्तिशाली देशहरूले यसमा तत्काल सकारात्मक प्रतिक्रिया नजनाएको बताइएको छ ।

साउदी अरेबियाले प्यालेस्टिनी राज्य स्थापनाको स्पष्ट मार्ग सुनिश्चित नभएसम्म सामान्यीकरण प्रक्रिया अघि नबढाउने अडान लिएकाले यसले इजरायलसँगको विवादलाई अझ जटिल बनाएको छ ।

पूर्व अमेरिकी अधिकारी तथा कूटनीतिक विश्लेषकहरूले खाडी मुलुकहरूमा ट्रम्पको प्रस्तावलाई मिश्रित प्रतिक्रिया प्राप्त भएको बताएका छन् । केहीले यसलाई ‘स्तब्ध मौन’ का रूपमा व्याख्या गरे पनि अन्य स्रोतहरूले भने केही सहयोगीहरू सकारात्मक रहेको दाबी गरेका छन् ।

समग्रमा इरानसँगको युद्ध अन्त्य गर्ने अमेरिकी प्रयास कूटनीतिक, सैन्य र क्षेत्रीय राजनीतिक दबावबीच अघि बढिरहेको छ । वार्ता सफल भए पनि त्यसले मध्यपूर्वको शक्ति सन्तुलनमा दीर्घकालीन प्रभाव पार्ने विश्लेषण गरिएको छ । एपी

# एभरेष्ट समिटर्स समिटः २६ देशका १७६ आरोहीलाई सम्मान

**काठमाडौँ ।**
दोस्रो संस्करणको ‘एभरेष्ट समिटर्स समिट–२०२६’ अन्तर्गत २६ देशका १७६ सगरमाथा आरोहीलाई सम्मान गरिएको छ ।

एभरेष्ट अलायन्स नेपालको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा आज काठमाडौँमा आयोजित कार्यक्रममा विश्वका २६ देशका १७६ सगरमाथा आरोहीलाई विशेष पदक र प्रमाणपत्रसहित सम्मान गरिएको हो ।

आरोहीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल, मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, आयोजक संस्था एभरेष्ट अलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपाल, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलिया, ट्रेकिङ एजेन्सीस् एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेलगायतले सम्मान गरेका हुन् ।

कार्यक्रममा पर्यटनमन्त्री पौडेलले सगरमाथा आरोहीहरूको साहस र दृढ सङ्कल्पको प्रशंसा गरे । उनले सुरक्षित र दिगो पर्वतीय पर्यटन प्रवद्र्धन गर्नुपर्ने बताए ।

मन्त्री पौडेलले आरोहीको सुरक्षामा सुधार, आपत्कालीन उद्धार प्रणालीको सुदृढीकरण र स्थानीय हिमाली समुदायको आर्थिक सशक्तिकरणलाई विशेष ध्यान दिनुपर्ने उल्लेख गरे । उनले हिमालय क्षेत्रमा देखिएका जलवायु परिवर्तनका गम्भीर असरप्रति चिन्ता व्यक्त गरे ।

उनले हिमनदी पग्लिने क्रम, जैविक विविधताको ह्रास र बढ्दो फोहोर व्यवस्थापनका चुनौती थपिँदै गएको बताए । हिमालयको संरक्षण नेपालको मात्र नभई सम्पूर्ण विश्वको साझा उत्तरदायित्व भएको उनको भनाइ थियो ।

वरिष्ठ पर्वतारोही एवम् सेभेन समिट ट्रेक्सका सञ्चालक मिङ्मा शेर्पाले नेपालका हिमालले विश्वभरका पर्यटकलाई आकर्षित गरिरहेको बताए । हिमाल आरोहणमा शेर्पा गाइडले खेलेको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

‘पहिलेको तुलनामा अहिलेका शेर्पाहरू धेरै बलिया र तालिमप्राप्त छन्, हामी हाम्रो विदेशी आरोहीलाई सुरक्षित रूपमा शिखरमा पु¥याउन सधँ तत्पर छौँ,’ उनले भने ।

एभरेष्ट अलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएका आरोहीको सम्मानका लागि विगत दुई वर्षदेखि ‘एभरेष्ट समिटर्स समिट’ आयोजना गरिएको बताए ।

‘हामीले गत वर्षदेखि सगरमाथा आरोहीलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम सुरुआत गरेका थियौँ, पहिलो संस्करण भव्य रूपमा सम्पन्न हुनुले नै यसको महत्त्व र दायरा प्रस्ट पारेको छ । यो नेपालको मात्र नभएर विश्वव्यापी मञ्च बनिसकेको छ,’ उनले भने ।

हिमालयको भविष्यका लागि एकजुट आवाज विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहीहरूको अद्वितीय साहस र योगदानलाई कदर गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको उनको भनाइ छ । यसबाट नेपालको पर्वतीय पर्यटनलाई विश्वमाझ अझ उच्च राख्न र साहसी आरोहीको सम्मानका लागि मद्दत पुग्ने अध्यक्ष नेपालले बताए ।

कार्यक्रममा विश्वको सर्वोच्च शिखर सगरमाथाको ३२औँ पटक आरोहण गरेर विश्व कीर्तिमान राख्ने कामीरिता शेर्पा, सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गर्ने महिला लाक्पा शेर्पालगायत विभिन्न देशका आरोहीलाई सम्मान गरिएको थियो ।

कार्यक्रमको पूर्वसन्ध्यामा राष्ट्रपति रामचन्द्र पौडेल सहभागी हुनुभएको थियो । राष्ट्रपति पौडेलले ‘समिटर्स ब्रेकफास्ट’ मा सरिक भई आरोहीहरूसँग साक्षात्कार गरेका थिए । रासस

# रेश्मिका हत्या प्रकरणमा थप तीन युवा पक्राउ



खोटाङ ।
दिप्रुङ चुइचुम्मा गाउँपालिका–४ बतासेकी २७ वर्षीया रेश्मिका परियारको हत्या प्रकरणमा संलग्न रहेको अभियोगमा थप तीनजना मंगलबार पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा चुइचुम्मा –४ बतासेका २८ वर्षीय हेमन परियार, छितापोखरीका २५ वर्षीय दीपक श्रेष्ठ र उमेर नखुलेका बतासेकै दीपक राई रहेका छन् । २०८२ भदौ ३० गते राति रेश्मिका मृतावस्था फेला परेकी थिइन् ।
घटनाको विषयमा थप अनुसन्धान अगाडि बढाउन उच्च अदालत ओखलढुङ्गाको आदेशका आधारमा तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिए ।
यसअघि रेश्मिका हत्या प्रकरणमा संलग्न रहेको आरोपमा प्रहरीले स्थानीय १६ वर्षीय किशोरलाई २०८२ असोज १ गते पक्राउ गरेर जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान गरिएको थियो ।
परिवारका सदस्यले थप तीन जनाको नाम उल्लेख गरेर गत चैत २१ गते उच्च अदालत ओखलढुङ्गामा किटानी जाहेरी दर्ता गराएका थिए । सोही जाहेरीका आधारमा अदालतले चैत २८ गते घटनाको थप अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालयलाई आदेश दिएको थियो । रासस

# प्रसिद्ध धार्मिक स्थल बेहडाबाबामा गङ्गादशहरा मेला सुरु

कैलाली ।
धनगढी उपमहानगरपालिका–१६, रामपुरस्थित धार्मिक एवं ऐतिहासिक महत्वको बेहडाबाबामा बुधबारदेखि गङ्गादशहरा मेला सुरु भएको छ ।
मन्दिर व्यवस्थापन समितिका अध्यक्ष खेमबहादुर चन्दले बुधबार राति १२ बजे जल चढाएर पूजाअर्चना गरी मेला सुरुवात गर्ने परम्परा रहेको बताए । यहाँ पूजाबुधबाराका साथै दर्शनका लागि कैलाली, कञ्चनपुरलगायत प्रदेशका विभिन्न स्थानका मानिसहरु आउने गरेका छन् ।
परापूर्वकालमा त्यहाँ शिवलिङ्ग उत्पत्ति भएपछि मन्दिर स्थापना गरिएको कथन छ ।
मन्दिरको दर्शन गर्नाले मनोकामना पूरा हुने जनविश्वास रही आएको छ । खासगरी पुत्रलाभदेखि सङ्कटमोचन गर्ने शक्ति बेहडाबाबा मन्दिरमा रहेको विश्वास भक्तजनहरुमा छ ।
त्यस्तै यहाँ पूजाबुधबारा तथा दर्शन गर्न आउने भक्तजनहरुको सहजताका लागि सडक मर्मत, बत्ती जडानलगायतको व्यवस्थापन गरिएको आयोजक व्यवस्थापन समितिले जनाएको छ ।
बेहडाबाबा मन्दिरमा पूजाका लागि छिमेकी मुलुक भारतका विभिन्न स्थानबाट समेत भक्तजनहरु आउने गरेका छन् ।
धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले विभिन्न चाडपर्वमध्ये गङ्गादशहरा पनि यहाँको महत्वपूर्ण चाड रहेको बताए । मेलाका अवसरमा उपमहानगरले सार्वजनिक बिदा पनि दिएको छ । रासस

# एशियन महिला छनोटः चीनमाथि नेपालको जित

काठमाडौँ ।
नेपाली महिला टोलीले एशियन गेम्स महिला छनोटअन्तर्गत चीनमाथि १९ रनको शानदार जित हात पारेको छ । मलेसियाको बायुमास ओभल क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले दिएको १२६ रनको लक्ष्य पछ्याएको चीन निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १०६ रनमा समेटियो । चीनको लागि मिङ्युए झुले सर्वाधिक ३० रन बनाइन् । त्यस्तै वाङ हुईयिङले २१ तथा वेई हैटिङले १८ रन जोडिन् । नेपालका लागि रिया शर्माले उत्कृष्ट बलिङ गर्दै २ विकेट लिइन् । त्यस्तै मनीषा उपाध्याय, कविता कुँवर र पूजा महतोले समान १÷१ विकेट लिए ।
त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १२५ रन बनाएको योगफल बनाएको थियो । नेपालका लागि पूजा महतोले उत्कृष्ट ६३ रनको अर्धशतकीय इनिङ्स खेलिन् । त्यस्तै रुवी पोद्दारले २२ रनमा अविजित रहिन् । चीनका लागि मा रुइकेले २ विकेट लिइन् भने वाङ हुईयिङ र जियापिङ लीले समान १÷१ विकेट हात पारे । अब नेपालले भोलि इन्डोनेसियासँग खेल्नेछ । रासस

# जलजलामा हिमाल र बादलको लुकामारी

**सन्तोष गौतम/रासस**
**म्याग्दी ।**
पहाडको उच्च स्थानमा फैलिएको समथर घाँसेमैदान, हरियाली पहाडको पृष्ठभूमिमा लहरै देखिने हिमाल, छिनछिनमा बादल र हिमालको लुकामारी, शीतल हावापानी तथा शान्त वातावरणका कारण म्याग्दीको धवलागिरि गाउँपालिका–२ मा रहेको जलजला पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ ।
समुद्री सतहदेखि तीन हजार ४१४ मिटर उचाइमा रहेको जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमालसहित सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।
धवलागिरि गाउँपालिका–७ की शान्ति थापाले जलजलाको समथर फाँटमा बसेर आँखैअगाडि हिमालको लर्कन हेर्दा चित्रकारले कोरेको क्यानभासजस्तो अनुभूति भएको बताइन् ।
'छिनछिनमा हुने बादल र हिमालको लुकामारी जलजलाको फरक आकर्षण रहेछ,' उनले भनिन्, 'दृश्यावलोकनसँगै गुर्जाघाट, छेन्तुङ, ढोरपाटनको जनजीवन, उत्तरगङ्गाको दर्शन तथा घोडा सवारीले यात्राको थकान नै बिर्सायो ।'
बर्खायाममा पशुगोठ, समथर फाँट, वनजङ्गल र पहाडी भूगोल तथा वसन्त ऋतुमा गुराँसे जङ्गल अवलोकन गर्न पाइने भएकाले जलजलाको आकर्षण थपिएको धवलागिरि गाउँपालिका–३ का नरेश विश्वकर्माले बताए ।

## 'रेडपान्डा'को बासस्थान

जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपान्डा)को बासस्थान भएकाले थप महत्व रहेको छ । समुन्द्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपान्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ ।
दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले जलजलामा तीन वटा क्यामेरा जडान



गरिएकोमा दुई वटामा रेडपान्डा भेटिएको थियो । सो क्षेत्रमा छदेखि २५ वटासम्म रेडपान्डाको बसोबास भएको वायोकस नेपालका कार्यक्रम अधिकृत पवन राइले बताए ।
स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट, २०८१ को मङ्सिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए ।
विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपान्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपान्डाको दिसा भेट्टाएका थिए । रेडपान्डाका कारण जलजला क्षेत्रमा साहासिक पदयात्रामा रमाउन चाहने पर्यटकहरुलाई आकर्षित गर्न सकिने धवलागिरि गाउँपालिका–३ का भोम पुनले बताए ।

## सडक सुविधापछि पर्यटक बढे

माथिल्लो जलजलामा ६ वर्षदेखि 'गोठ स्टे' सञ्चालन गर्दै आउनुभएका धवलागिरी गाउँपालिका–२ लुलाङका फुलबहादुर विकले दैनिकजसो पर्यटकहरु आउन थालेका बताए ।
'यसअघि ढोरपाटनमा आएका सीमित पर्यटकहरु मात्रै जलजलामा आउने गरेका थिए,' उनले भने 'म्याग्दी–ढोरपाटन र पूर्वी रुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार÷पाँच वटा गाडी तथा १५÷२० वटा मोटरसाइकलमा पर्यटकहरु आउन थालेका छन् ।'
बेनी देखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुन महिनामा मार्ग खुलेपछि पूर्वी रुकुमको पुथाउत्तरगङ्गा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरु जलजलादेखि मुना हुदै फर्कने 'रुट' बनाउन थालेका छन् ।
मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरुका लागि जलजला साहासिक र आकर्षक गन्तव्य बनेको छ ।
तकसेरा–ढोरपाटन–जलजला हुँदै पोखराको यात्रा गरेकी बागलुङकी सपना रोकाले नयाँ मार्गमा साहासिक र रोमाञ्चक यात्रा भएको अनुभव सुनाए ।
जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएको धवलागिरि गाउँपालिका–७ का विविधजङ थापाले बताए । नेपालको एक मात्र ढोरपाटन सिकार आरक्षको दुई वटा मनसुन र बार्से ब्लकसहित १३ प्रतिशत भूगोल म्याग्दीमा पर्छ ।
जलजला ढोरपाटन सिकार आरक्षको 'भ्यू पोइन्ट'का रुपमा विकास हुन थालेको छ । आवास र खानेपानी अभाव जलजलाको मुख्य समस्या बनेको छ ।

## पूर्वाधार निर्माण र प्रवद्र्धन अभियान सुरु

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा पर्यटक आगमन बढ्न थालेपछि धवलागिरी गाउँपालिकाले पूर्वाधार निर्माण र प्रवर्द्धनको काम थालेको छ ।
जलजलाको सम्भावनाको उजागर, समस्या समाधानका लागि साझा मुद्दा तय गरि जिल्ला, प्रदेश, संघीय तहमा पहल गर्ने उद्देश्यले यसै हप्ता पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको धवलागिरी गाउँपालिकाले खानेपानीको ब्यवस्था मिलाएको र शौचालय निर्माण थालेको उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिए ।
ताकमकोत, मुनामालिका, जलजला, गुर्जाघाट, रुघाचौर, गुर्जा, धौलागिरि आधार शिविर जोड्ने पदमार्गको अवधारणा अघि सारिएको छ ।
बस्ती देखि टाढा होटल र रेष्टुरेन्ट नभएको जलजलामा म्याग्दीको लुलाङका विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आउनुभएको छ । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दुध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैं बन्दोबस्तीको सामान लगेर जानुपर्छ ।
ढोरपाटन सिकार आरक्ष, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरेर पर्यटकहरुका लागि आश्रयस्थल, पदमार्ग निर्माण, विद्युत् र सञ्चार सुविधा विस्तारका लागि पहल गर्न कार्यक्रममार्फत सातबुँदे जलजला घोषणापत्र जारी गरिएको धवलागिरी गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिए ।
'चिनौँ जलजला, घुमौँ जलजला' डिजिटल अभियान सुरु गरिएको उनले जानकारी दिए । जलजला देउरालीलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने अध्यक्ष पुनले बताए ।

## मध्य पहाडी लोकमार्गको वैकल्पिक सडक

म्याग्दीको बेनी हुँदै बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा जोड्ने सडक मध्य पहाडी लोकमार्गको वैकल्पिक मार्गका रूपमा विकास हुने सम्भावना देखिएको छ । हालै मार्ग खुलेको १२२ किलोमिटर दूरीको
बेनी–ढोरपाटन–तकसेरा सडक बागलुङ–काँक्री खण्डभन्दा करिब ५० किलोमिटर छोटो रहेको छ ।
ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप तथा मोटरसाइकलमार्फत करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ । धवलागिरि गाउँपालिकाको केन्द्र मुनाबाट जिप वा मोटरसाइकलमा करिब दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ ।
दुवै तर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्ने स्थानीयवासीले बताएका छन् ।
म्याग्दी प्रदेशसभा निर्वाचन क्षेत्र नं १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले मुना हुँदै ढोरपाटन र पूर्वी रुकुमको तकसेरा जोड्ने सडक खोल्नुको मुख्य उद्देश्य जलजलालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु रहेको बताए ।
'पुरानो पदमार्गलाई आधार मानेर खोलिएको यो सडक स्तरोन्नति गर्न सके पूर्वी र पश्चिम रुकुम, जाजरकोट र डोल्पाका बासिन्दालाई पोखरा र काठमाडौँ आउजाउ गर्न छोटो र सहज हुनेछ,' उनले भने, 'यो सडक स्तरोन्नति भए मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प तथा उच्च पहाडी राजमार्ग बन्न सक्ने सम्भावना छ ।'
हाल सडकको विभिन्न स्थानमा स्तरोन्नति र खोलामा मोटर चल्ने पुल निर्माण गर्न बाँकी रहेको छ । यद्यपि नयाँ मार्ग सञ्चालनमा आएपछि ढोरपाटन, जलजला र तकसेरा भ्रमण गर्ने पर्यटकलाई सहज भएको छ ।
प्रदेश सांसद जुग्जालीका अनुसार
बेनी–ढोरपाटन–तकसेरा सडकलाई मध्य पहाडी लोकमार्गको वैकल्पिक मार्गका रूपमा विकास गर्न प्राथमिकता दिइएको छ ।


## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"
## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ , नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

**१)ऋणीको नाम र ठेगाना**

क) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०,(पान नं.६१९६९६६६७) अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स उषा कुमारी (प्रोप्राइटर)** ।

**कर्जाको सुरक्षण विवरण**

क) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं.९६१ को जम्मा क्षेत्रफल७६१.९१ व.मि. को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु ।**
ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु** ।
ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन** ।
घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता ।**
ङ)शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह ।**
च)ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी (प्रोप्राइटर)** ।
छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ८१ बर्ष को **रामदयाल प्रसाद कानु ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ; ड्राईपोर्ट, श्रीसिया, बिरगंज ; टेडारोड, चोर्नी, (जीतपुर) ;बर्दिबास, बरहथवा ।


# क्यान्सर अस्पतालमा औषधि अभाव, विश्वव्यापी आपूर्ति अभावले केमोथेरापी नै प्रभावित

**चितवन ।**
क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ । विश्वव्यापी रुपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन् ।
अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्वपूर्ण औषधिहरूको अभाव देखिएको छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उनले बताए । उनले भने, 'औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ ।'
हाल विशेषतः कार्बोप्लाटिन र सिसप्लाटिन भन्ने औषधिको एकदमै अभाव देखिएको डा साहले बताए । यो अभाव नेपालमा मात्र नभई विश्वव्यापी रूपमै रहेको उनको भनाइ छ । उनले भने, 'यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो । निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ ।'
यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना ९प्लान० गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भने, 'यी औषधि बिना केमोथेरापीको रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ ।' यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उहाँले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिए ।
कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उहाँले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताए । डा. साहले भने, 'सबैभन्दा ठूलो जोखिम तापक्रमको छस क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ । तर, चितवन जस्तो गर्मी ठाउँमा ३६–३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पु¥याउन सक्छ ।'
अस्पतालमा डे–केयर र वार्ड गरी दैनिक झण्डै २ सय बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उनले कार्बोप्लाटिन र सिसप्लाटिन जस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताए । उनले भने, 'औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ ।'
उनले धेरैजसो औषधिहरू अस्पतालमा बीमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उनको भनाइ छ । डा. साहले भने, 'यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ ।' औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उनको माग छ ।
अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भएपनि त्यसपछि नरहेको जानकारी दिए ।


## अधिकतम खुद्र बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Gupta traders and suppliers कम्पनीले China बाट पैठारी गरेको देहायको मालबास्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीको लागि प्रकशन गरिएको छ ।

| S.R NO | Description | Brand | Model | capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditions | GSONIC | GSDC-12KTWI(1TON) | 1 TON | CHINA | PCS | 54,421.36 | 54,421.36 |
| 2 | Air Conditions | GSONIC | GSDC-1.8KTWI(1.8TON) | 1.5 TON | CHINA | PCS | 69,231.49 | 69,231.49 |

बिक्रेता फर्मको नाम : Gupta traders And Suppliers
ठेगाना: kalaiya-23,Bara Nepal
प्यान नबर : 620774725
फोन नबर : 9802935438




पोखरामा अतिक्रमित संरचना खाली गरिँदैः पोखरा महानगरपालिका–९ पृथ्वीचोक क्षेत्रमा सरकारी जग्गा अतिक्रमण गरेर बनाइएका संरचना खाली गरिँदै । महानगरले अतिक्रमित जग्गामा बनेका संरचना हटाउन सार्वजनिक सूचना जारी गरेपछि विभिन्न सङ्घसङ्स्था र व्यवसायीले आफै सामान सारेर भवन खाली गराउन थालेका छन् । तस्बिर ः राम थापा

# २७ सार्वजनिक संस्थान नाफामा १६ घाटामा, दुई वटा बन्द

सार्वजनिक संस्थानहरूको सञ्चित नाफा २१ दशमलव ५१ प्रतिशतले बढेर एक खर्ब पाँच अर्ब ४५ करोड ४२ लाख रुपैयाँ पुगेको पनि समीक्षा प्रतिवेदनमा उल्लेख छ । सञ्चित नाफाका हिसाबले नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र नेपाल नागरिक उड्डयन प्राधिकरण अग्रस्थानमा रहेका छन् ।

**काठमाडौँ ।**
सरकारले बुधबार सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८३ ले नेपालका सार्वजनिक संस्थानहरूको समग्र अवस्था मिश्रित रहेको देखाएको छ ।

केही संस्थानले उल्लेखनीय नाफा कमाएर सरकारलाई आम्दानी दिलाइरहेका भए पनि ठूलो संख्यामा संस्थानहरू अझै घाटामा सञ्चालित रहेको, कमजोर व्यवस्थापन, वित्तीय अनुशासनहीनता र संरचनात्मक सङ्कटबाट गुज्रिरहेको देखिएको छ ।

प्रतिवेदनअनुसार नेपालमा हाल औद्योगिक, व्यापारिक, सेवा, सामाजिक, जनोपयोगी तथा वित्तीय क्षेत्रमा गरी ४५ वटा सार्वजनिक संस्थान सञ्चालनमा रहेका छन् । तीमध्ये २० वटा पूर्ण सरकारी स्वामित्वका छन् भने २५ वटामा सरकारको बहुमत स्वामित्व रहेको छ ।

नेपालमा सार्वजनिक संस्थान स्थापना गर्ने क्रम विसं १९९३ मा विराटनगर जुट मिलको स्थापनासँगै सुरु भएको मानिन्छ । योजनाबद्ध विकास, आधारभूत सेवा विस्तार, पूर्वाधार निर्माण, मूल्य स्थिरता कायम गर्ने तथा निजी क्षेत्रलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएका संस्थान अहिले भने आफ्नै अस्तित्व जोगाउने सङ्घर्षमा देखिएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको कूल सम्पत्ति नौ दशमलव ४९ प्रतिशतले वृद्धि भई ३२ खर्ब छ अर्ब ९१ करोड रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको तुलनामा सरकारको लगानी पनि १३ दशमलव ४४ प्रतिशतले बढेर सात खर्ब ९८ अर्ब ५६ करोड ३५ लाख रुपैयाँ पुगेको छ । सरकारी लगानीमध्ये तीन खर्ब ७० अर्ब २५ करोड २० लाख रुपैयाँ शेयर लगानी र चार खर्ब २८ अर्ब ३१ करोड १५ लाख रुपैयाँ ऋण लगानी रहेको प्रतिवेदनमा उल्लेख छ । यो तथ्याङ्कले सार्वजनिक संस्थानमा सरकारी लगानी निरन्तर बढिरहेको देखाए पनि त्यसअनुसार प्रतिफल आउन नसकेको प्रष्ट देखिन्छ ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा सार्वजनिक संस्थानहरूको कूल आय सात खर्ब २१ अर्ब १४ करोड ७७ लाख रुपैयाँ पुगेको छ । सञ्चालन आय छ खर्ब ७२ अर्ब ४० करोड २६ लाख रुपैयाँ रहेको छ । यद्यपि, अघिल्लो आर्थिक वर्षको तुलनामा कूल आयमा केवल शून्य दशमलव ६७ प्रतिशत र सञ्चालन आयमा शून्य दशमलव ६६ प्रतिशत मात्रै वृद्धि भएको देखिन्छ ।

कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा सार्वजनिक संस्थानको कूल आयको योगदान ११ दशमलव ८० प्रतिशत तथा सञ्चालन आयको योगदान १० दशमलव ८५ प्रतिशत रहेको प्रतिवेदनले देखाएको छ ।

हाल सञ्चालनमा रहेका संस्थानमध्ये २७ वटा नाफामा छन् भने १६ वटा घाटामा सञ्चालन भइरहेका छन् ।

सार्वजनिक संस्थानहरूको खुद नाफा १२ दशमलव ०३ प्रतिशतले वृद्धि भई ४५ अर्ब आठ करोड ४० लाख रुपैयाँ पुगेको छ । नाफामा रहेका संस्थानहरूले ४८ अर्ब ८९ करोड छ लाख रुपैयाँ खुद नाफा कमाएका छन् भने घाटामा रहेका संस्थानहरूको कूल खुद नोक्सानी तीन अर्ब ८० करोड ५७ लाख रहेको छ ।

प्रतिवेदनअनुसार नाफामा रहेका संस्थानहरूको नाफा १० दशमलव ५८ प्रतिशतले बढेको छ भने घाटामा रहेका संस्थानहरूको नोक्सानी चार दशमलव १४ प्रतिशतले घटेको छ ।

सार्वजनिक संस्थानहरूको सञ्चित नाफा २१ दशमलव ५१ प्रतिशतले बढेर एक खर्ब पाँच अर्ब ४५ करोड ४२ लाख रुपैयाँ पुगेको पनि समीक्षा प्रतिवेदनमा उल्लेख छ । सञ्चित नाफाका हिसाबले नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र नेपाल नागरिक उड्डयन प्राधिकरण अग्रस्थानमा रहेका छन् ।

क्षेत्रगत रूपमा जनोपयोगी क्षेत्रको सञ्चित नाफा सबैभन्दा धेरै ९८ अर्ब ५० करोड ९२ लाख रुपैयाँ पुगेको छ । सार्वजनिक संस्थानहरूमध्ये सबैभन्दा धेरै सञ्चित नोक्सानी नेपाल वायुसेवा निगम को रहेको छ । निगमको सञ्चित घाटा १८ अर्ब ९० करोड ९८ लाख रुपैयाँ पुगेको छ ।

त्यस्तै, औद्योगिक क्षेत्रको कूल सञ्चित नोक्सानी २२ अर्ब ६२ करोड ३० लाख रुपैयाँ रहेको छ । जुन सबै क्षेत्रमध्ये उच्च हो ।

प्रतिवेदनले नेपाल वायुसेवा निगमको शेयरधनी कोषसमेत सात अर्ब ९३ करोड ४४ लाख रुपैयाँले ऋणात्मक रहेको उल्लेख गरेको छ । सार्वजनिक संस्थानबाट सरकारलाई प्राप्त हुने लाभांशमा भने कमी आएको छ ।

आव २०८०÷८१ मा सरकारले रु आठ अर्ब ८३ करोड ५६ लाख लाभांश प्राप्त गरेको थियो । तर २०८१÷८२ मा यो रकम घटेर आठ अर्ब ३७ करोड ७६ लाख रुपैयाँमा सीमित भएको छ । प्रतिवेदनअनुसार समीक्षा अवधिमा सार्वजनिक संस्थानहरूको कूल नेटवर्थ तीन दशमलव ८९ प्रतिशतले बढेर १० खर्ब ७३ अर्ब २८ करोड ३१ लाख रुपैयाँ पुगेको छ । तर सात वटा संस्थानको शेयरधनी कोष ऋणात्मक रहेको छ । यसले ती संस्थानको वित्तीय स्वास्थ्य गम्भीर सङ्कटमा रहेको संकेत गर्छ ।

सार्वजनिक संस्थानहरूले सरकारलाई आव २०८१÷८२ मा विभिन्न शीर्षकमा एक खर्ब ६४ अर्ब ९६ करोड २६ लाख रुपैयाँ बुझाउनुपर्ने देखिएको छ । जसमध्ये ११ अर्ब ३६ करोड रुपैयाँ आयकर र ५२ अर्ब ३३ करोड सात लाख रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) रहेको छ । बाँकी रकम ब्याज, रोयल्टी, भन्सारलगायत शीर्षकमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

हाल सार्वजनिक संस्थानमा ३८ हजार २८५ स्वीकृत दरबन्दी रहेको छ । तर स्थायी, करार र ज्यालादारीसहित ३० हजार ३५२ जना मात्रै कार्यरत छन् । सबैभन्दा धेरै कर्मचारी जनोपयोगी क्षेत्रमा र सबैभन्दा कम सामाजिक क्षेत्रमा कार्यरत रहेका छन् ।

सकारात्मक पक्ष के देखिएको छ भने पछिल्लो वर्ष सार्वजनिक संस्थानहरूको प्रशासनिक तथा कर्मचारी खर्च आठ दशमलव ३६ प्रतिशतले घटेर ६१ अर्ब पाँच करोड ७० लाख रुपैयाँमा सीमित भएको छ ।

आव २०८१÷८२ सम्मको अन्तिम लेखापरीक्षण सम्पन्न गर्ने संस्थानको संख्या केवल २७ रहेको छ । प्रतिवेदनअनुसार ३४ वटा संस्थानले भने २०८०÷८१ सम्मको लेखापरीक्षण सम्पन्न गरेका छन् ।

सार्वजनिक संस्थानहरूको कोषमा व्यवस्था नगरिएको दायित्व १० दशमलव १० प्रतिशतले बढेर ६६ अर्ब ४० करोड ८३ लाख रुपैयाँ पुगेको छ । त्यस्तै सम्भावित दायित्व तीन दशमलव ०३ प्रतिशतले वृद्धि भई २२ खर्ब ६४ अर्ब ५५ करोड ३७ लाख रुपैयाँ पुगेको छ । यो अवस्थाले दीर्घकालीन रूपमा सरकारी वित्तमा गम्भीर दबाब सिर्जना गर्न सक्ने देखिन्छ ।

प्रतिवेदनले सार्वजनिक संस्थानहरू अस्पष्ट उद्देश्य, प्रतिस्पर्धी क्षमताको अभाव, सञ्चालनगत अकुशलता, राजनीतिक हस्तक्षेप र कमजोर व्यवस्थापनका कारण सङ्कटमा परेको निष्कर्ष निकालेको छ । हाल सञ्चालित ४५ संस्थानमध्ये १६ वटा घाटामा र दुई वटा पूर्णरूपमा बन्द अवस्थामा रहेकाले अधिकांश संस्थान आफ्नो स्थापनाकालीन उद्देश्य पूरा गर्न असफल देखिएको प्रतिवेदनको निष्कर्ष छ ।

सरकारले अब सार्वजनिक संस्थानको वर्गीकरण गरेर कुन क्षेत्रमा सरकार रहने र कुन क्षेत्रमा निजी क्षेत्रलाई जिम्मा दिने भन्ने स्पष्ट रणनीति आवश्यक रहेको समीक्षा प्रतिवेदनमार्फत उल्लेख गरेको छ ।

प्रतिवेदनले सरकारी लगानी व्यवस्थापन, नीतिगत सुधार, कानुनी पुनःसंरचना तथा व्यवस्थापकीय सुधारसहित एकीकृत सार्वजनिक संस्थान सुधार कार्यक्रम तत्काल लागू गर्नुपर्ने सुझावसमेत दिएको छ ।

# पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दो




काठमाडौँ ।
विद्युत्को खपत बढ्सँगै पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दै गएको पाइएको छ । देशभरका झण्डै ९९ दशमलव एक प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुगेको छ । सहरी क्षेत्रमा विद्युत् खपत क्रमशः बढ्दै गएको छ । सहरी क्षेत्रमा विद्युतीय चुल्होको प्रयोग बढ्दै जाँदा खाना पकाउने ग्यासको खपत क्रमशः घट्दै गएको छ ।

आर्थिक सर्वेक्षण २०८२÷८३ अनुसार चालु आवको फागुन मसान्तसम्म पेट्रोल र डिजेलको खपत गत आवको सोही अवधिको तुलनामा क्रमशः १० प्रतिशत र नौ दशमलव नौ प्रतिशतले घटेको छ ।

विद्युतीय खपत बढ्दै जाँदा पेट्रोलियम पदार्थको आयात घट्दै जाने देखिन्छ । यस्तै, आर्थिक सर्वेक्षणअनुसार कर्णाली प्रदेशका केही गाउँपालिका र सुदूरपश्चिम प्रदेशको केही गाउँपालिकाबाहेक अन्य स्थानमा विद्युतीय पहुँच पुगेको छ । विद्युतीय पहुँच पुगेको स्थानमा गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने चुनौती कायमै छ । त्यसका लागि सरकारले प्रयास गरिरहेको छ । एकाध वर्षभित्रै शतप्रतिशत घरधुरीमा विद्युत् सेवा पु¥याउने र थप गुणस्तरीय बनाउने सरकारको प्रयासलाई सरोकारवाला निकायले पनि साथ र सहयोग प्रदान गरेका छन् ।

गत फागुन मसान्तसम्म मुलुकको कूल विद्युत् जडित क्षमता चार हजार १०५ मेगावाट बराबर पुगेको छ । त्यसमा जलविद्युत्को जडित क्षमता तीन हजार ७९८ मेगावाट बराबर छ । चालु आवमा भारततर्फ दुई हजार ९१८ गिगावाट घण्टा बराबरको विद्युत् निर्यात भएको छ ।

त्यस्तै, आधारभूत खानेपानीको पहुँच ९७ प्रतिशत जनसंख्यामा पुगेको भएपनि सुरक्षित खानेपानीको पहुँच २९ प्रतिशतमा मात्रै सीमित रहेको छ ।

स्वास्थ्य बिमा कार्यक्रम सबै स्थानीय तहमा विस्तार भएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २८ लाख ५० हजार श्रमिक सूचीकृत भएका छन् । त्यसमध्ये वैदेशिक रोजगारीमा जानेको हिस्सा ७५ दशमलव नौ प्रतिशत बराबर छ ।

# सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति, अधिकांश काम सम्पन्न

**काठमाडौँ ।**
२०८२ चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भएको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमा उल्लेख भई सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत कार्यान्वयन भइरहेकामध्ये अधिकांश कार्यक्रममा उल्लेखनीय प्रगति देखिएको छ ।




सञ्चार मन्त्रालयका अनुसार डिजिटल शासन, सेवाप्रवाहको सरलीकरण, नागरिक एपको विस्तार, सरकारी प्रणालीहरूको अन्तरआबद्धता तथा सार्वजनिक सेवाको पारदर्शिता अभिवृद्धिसम्बन्धी धेरै काम सम्पन्न भएका छन् भने केही कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् ।

सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र कागजरहित बनाउने उद्देश्यले सञ्चालन गरिएको एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली ७०४ सरकारी निकायमा विस्तार गरिएको छ ।

मन्त्रालयका अनुसार २२ वटा सङ्घीय मन्त्रालयसहित ३५४ सङ्घीय निकाय, २८४ प्रदेशस्तरीय निकाय, ६२ स्थानीय तह तथा चार वटा संस्थान उक्त प्रणालीमा आबद्ध भइसकेका छन् । यो प्रणाली कार्यान्वयनका लागि साबिकका २२ मन्त्रालयसहित २७ निकायका प्रतिनिधिलाई प्रशिक्षक तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । प्रदेश तथा स्थानीय तहका लागि छुट्टै प्रणाली सञ्चालन गर्न संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमसँग सहकार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

सरकारी सेवा डिजिटल माध्यमबाट उपलब्ध गराउने अभियानअन्तर्गत नागरिक एपमा विभिन्न प्रमाणपत्र डाउनलोड गर्ने सुविधा थप गरिएको छ । प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ परिषद्को प्रमाणपत्र तथा लोकसेवा आयोगको प्रवेशपत्र डाउनलोड गर्न मिल्ने व्यवस्था सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै कर्मचारीको व्यक्तिगत विवरण डाउनलोड गर्न मिल्ने व्यवस्था पनि लागू गरिएको छ । प्रहरी चारित्रिक प्रमाणपत्रका लागि नागरिक एपबाट राजस्व तिर्ने तथा अन्तिम प्रतिवेदन डाउनलोड गर्ने प्रणाली परीक्षणको चरणमा रहेको मन्त्रालयले जनाएको छ । जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्तासम्बन्धी सेवा नागरिक एपमा जोड्ने काम सुरु भइसकेको छ भने थप छ वटा सेवा आबद्ध गर्ने कार्यविवरण तथा सूचीकरणको काम भइरहेको छ ।

सरकारी वेबसाइट तथा पोर्टललाई अपाङ्गतामैत्री बनाउने कार्यसमेत सम्पन्न भएको छ । मन्त्रालयका अनुसार अपाङ्गतामैत्री विशेषतासहित एकीकृत वेबसाइट सञ्चालनमा ल्याइएको छ । यसका साथै वेबसाइटहरूलाई थप अपाङ्गतामैत्री बनाउने सम्बन्धमा मन्त्रालयसहित ३० वटा निकायका प्रतिनिधिलाई तालिम प्रदान गरिएको छ ।

जसबाट कम प्राविधिक ज्ञान भएका नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सरकारी डिजिटल सेवा उपयोग गर्न सहज हुने अपेक्षा गरिएको छ । सरकारी कार्यालयको कार्यसम्पादनलाई समयबद्ध, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यले गरिएको समय तथा गति अध्ययनसम्बन्धी समिति गठन कार्य सम्पन्न भएको छ ।

नागरिकता, राहदानी, सवारी चालक अनुमतिपत्रलगायतका सेवा नागरिकलाई छिटो छरितो, सहज र बिचौलियामुक्त बनाउन तथा यी सेवालाई फेसलेस तथा डिजिटल प्रविधिमा आधारित बनाउनका लागि सूचना प्रविधि विभागले सूचना प्रविधि विज्ञ टोली गठन गरिसकेको छ । मन्त्रालयका अनुसार उक्त टोलीले विभिन्न निकायसँगको सक्रिय रूपमा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

सरकारी सेवामा नागरिकको एउटै विवरण पटक–पटक भर्नुपर्ने झन्झट हटाउन स्वतः विवरण भर्ने प्रणाली विकासको काम अगाडि बढाइएको छ । मन्त्रालयका अनुसार यातायात व्यवस्था विभाग तथा राहदानी विभागलाई आवश्यक प्रणालीगत पहुँच उपलब्ध गराइसकिएको छ ।

त्यस्तै बैंक तथा वित्तीय संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने सार्वजनिक सेवाको अन्तरआबद्धताका लागि सुशासन नियमावली संशोधन गर्नुपर्ने भएकाले त्यसका लागि लेखि पठाइएको छ ।

डिजिटल शासन तथा व्यक्तिगत तथ्याङ्क संरक्षणसम्बन्धी नीति तथा कानून निर्माण प्रक्रिया पनि अगाडि बढाइएको छ । यसका लागि गठित समितिले मस्यौदा तयारी गरिरहेको जनाएको छ ।

त्यस्तै सूचना प्रविधि तथा विद्युतीय शासनसम्बन्धी विधेयकको अवधारणाले पनि कानून तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृति प्राप्त गरिसकेको मन्त्रालयले जनाएको छ ।

नेपालको डिजिटल शासन प्रणालीलाई एकीकृत ढाँचामा लैजान राष्ट्रिय एकीकृत संरचना ढाँचा तयार गर्ने कार्य पनि अगाडि बढाइएको छ । मन्त्रालयका अनुसार यससम्बन्धी समिति गठन भइसकेको छ भने आधारभूत सिद्धान्तको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ ।

नागरिक सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, सेवा लिन लाग्ने समय निर्धारण गर्ने प्रणाली, सरकारी फाइल ढिलाइ भए माथिल्लो अधिकारीलाई स्वतः सूचना जाने व्यवस्था तथा डिजिटल हस्ताक्षरसम्बन्धी कार्य भने अझै पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । हाल सूचना प्रविधि विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मातहत लगिएको छ ।

# सीमा सुरक्षामा उच्च सतर्कता



**झापा ।**
भारतसँग सीमा जोडिएका झापाका विभिन्न नाकामा रोहिङ्ग्या शरणार्थीसहित विदेशी नागरिकको अनधिकृत प्रवेश रोक्न सुरक्षा सतर्कता उच्च पारिएको छ ।

गृह मन्त्रालयको निर्देशनानुसार विदेशी नागरिकको अवैध प्रवेश नियन्त्रण गर्न सुरक्षा संयन्त्र सक्रिय रूपमा परिचालन गरिएको झापाका सहायक प्रजिअ तेजप्रकाश प्रसाईंले जानकारी दिए ।

काँकडभिट्टा, भद्रपुर, गौरीगञ्ज, टाघनडुब्बा, केचना र बाहुनडाँगी जस्ता संवेदनशील सीमावर्ती क्षेत्रमा अनधिकृत घुसपैठ हुनसक्ने सूचना प्राप्त भएपछि सुरक्षा व्यवस्था कडा पारिएको झापाका सहायक प्रमुख जिल्ला अधिकारी प्रसाईंले जानकारी दिए ।

छिमेकी मुलुक भारतका पश्चिम बङ्गाललगायत विभिन्न प्रान्तमा अनधिकृत बसोबास गर्दै आएका आप्रवासीलाई स्वदेश फर्काउने अभियान सुरु हुनसक्ने चर्चासँगै उनीहरू नेपालतर्फ प्रवेश गर्नसक्ने आँकलन गरिएको छ ।

यसैक्रममा सशस्त्र प्रहरी बलको २ नं गणले पूर्वी नाका काँकडभिट्टामा स्थानीय बासिन्दालाई सचेत गराउँदै कुनै पनि विदेशी नागरिकको शङ्कास्पद गतिविधि देखिए तत्काल जानकारी गराउन माइकिङमार्फत आग्रह गरेको छ । म्यान्माबाट विस्थापित भई बङ्गलादेश पुगेका रोहिङ्ग्या समुदायका व्यक्ति सुरक्षित आश्रयको खोजीमा विभिन्न देशमा फैलिरहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन